शुक्लाफाँटा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

झलारी, कञ्चनपुर, सुदुरपश्चिम प्रदेश

राजस्व सुधार कार्ययोजना

(Revenue Improvement Action Plan)

२०७८ चैत्र

(अध्यावधिक गरिएको)

प्राविधिक सहयोग:

क्षेत्रिय शहरी विकास आयोजना

संस्थागत विकास परामर्शदाता, धनगढी

हामो भनाइ

नेपालको संविधान, ऐन तथा कानुनहरुले स्थानीय तहलाई अधिकार सम्पन्न र उत्तरदायी बनाउनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ अन्तर्गत वित्तिय अधिकार क्षेत्रको निश्चितता प्रदान गरेको छ । आफ्नो अधिकार क्षेत्रभित्र स्रोत, साधन संकलन गरी व्यवस्थित योजना पद्धति अनुसार स्थानीय विकास निर्माणका कार्यहरु कार्यान्वयन गर्न स्थानीय तहहरु स्वतन्त्र रहेका छन् । यसका लागि स्थानीय तहलाई पर्याप्त स्रोत र साधनहरुको आवश्यकता पर्ने भएकोले आफ्नो क्षेत्रमा स्रोत साधन परिचालन गर्न वितीय अधिकार क्षेत्रको किटान गरिएको छ । कर, शुल्क,सेवा शुल्क र दस्तुरहरु संकलन तथा सिफारिस कार्य गर्नका लागि ऐनले विभिन्न अधिकारक्षेत्रहरु तोकिदिएको छ । ऐनले प्रदेश, गाँउपालिका/नगरपालिकाको बीच रहेका दोहोरो अधिकार क्षेत्रभित्रका वितीय अधिकार अन्तर्गत कर निर्धारण एंव कर संकलन र बाँडफाँट बारे समेत स्पष्ट व्यवस्था गरेको छ । यस्ता दोहोरो अधिकार क्षेत्रभित्रका करका दरहरु निर्धारण गर्ने जिम्मेवारी कुनै निश्चित तहलाई तोकेको छ । स्थानीय तहहरुले स्थानीय तवरले सहयोग र समन्वय गरी स्रोत साधन संकलन र परिचालन प्रभावकारी रुपमा गर्न आवश्यक रहेको छ ।

नेपालको राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने विद्यमान संवैधानिक व्यवस्था रहेको छ । स्थानीय सरकारले आ–आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानीको आवश्यकता देखिन्छ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँट बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर र सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैरकर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयागले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत रहेको छ ।

स्थानीय तहहरु स्थानीय सरकार सञ्चालन ऐन,२०७४, सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७, अन्तर - सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार संचालन हुदै आएका छन् ।
स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहले आफ्नो आन्तरिक आयको बारेमा संम्भाव्यता अध्ययन गर्नु तथा योजनाबद्ध तरिकाले आँकलन र परिचालन गर्नु जरुरी भएको छ । यस्तो अध्ययन कार्यले स्थानीय तहमा पहिचान नभएका वा परिचालन हुन बाँकी रहेका स्रोत साधनहरुको बारेमा सुझाव र पहिचान भएका स्रोतहरुको उचित व्यवस्थापन गरी आन्तरिक आय संकलन कार्यलाई प्रभावकारी रुपमा सम्पादन गर्न तथा राजस्व अभिवृद्धि गर्नका लागि सहयोगी योजना निर्माण गर्न सहयोग पुर्याउने उद्देश्यले शुक्लाफाँटा नगरपालिकाले यो राजश्व सुधार कार्ययोजना तयार गरेको छ । यो कार्ययोजना हरेक बर्ष अध्यावधिक गरी कार्यान्वयनमा ल्याइने भएकोले निरन्तर रुपमा बर्षपिच्छे परिमार्जन समेत हुदै जानेछ।

यो राजस्व सुधार कार्ययोजना गत बर्ष २०७७/७८मा तयार गरी यो बर्ष २०७८/७९ मा अध्यावधिक गर्ने कार्यका लागि खटिनु भएका नगरपालिकाका जनप्रतिनिधिहरु, राजस्व परामर्श समितिका पदाधिकारीहरु, बिभिन्न शाखाका कर्मचारीहरु एवं यस कार्यमा संलग्न क्षेत्रीय शहरी विकास आयोजना अन्तर्गत संस्थागत विकास परामर्शदाताका बिषय विज्ञहरु समेत सम्बन्धित सम्पूर्ण पक्षलाई धन्यवाद दिन चाहन्छौं।

टिकेन्द्रराज भट्ट	तुलसी देवी हमाल	दिल बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत	नगर उप प्रमुख	नगर प्रमुख

विषय सूची

Contents

राजस्व सुधार कार्ययोजनाको सारांश १

परिच्छेद एक : परिचय ४

१.१ पृष्ठ भूमी ४

१.२ राजस्व सुधार कार्य योजनाको औचित्य ४

१.३ राजश्व सुधार कार्य योजनाले राखेका उद्देश्यहरु ५

१.४ कार्य योजना तर्जुमा विधि तथा प्रकृया : ५

१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन : ६

१.४.२ तथ्यांक/ सूचना संकलन फारम तथा सूची विकास : ६

१.४.३ तथ्यांक/सूचना संकलन : ६

१.४.४ अभिमुखीकरण कार्यशाला तथा गोष्ठी : ६

१.४.५ प्रतिवेदन तयारी : ७

१.५. योजनाको सीमा ७

परिच्छेद दुई : नगरपालिकाको संक्षिप्त परिचय ८

२.१ नगरपालिकाको संक्षिप्त परिचय ८

२.१.१ राजनैतिक तथा प्रशासनिक विभाजन : ८

२.१.२ मुख्य नदीनाला तथा खोलाहरु : ९

२.१.३ धार्मिक तथा पर्यटकीय स्थलहरु : ९

२.१.४ प्रमुख बजार तथा आर्थिक अवस्था : ९

२.१.५ कृषि,उधोग तथा पर्यटन : ९

२.२ नगरपालिकाको मानव संसाधनको अवस्था : ९

२.३ नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था : १३

परिच्छेद तीन : स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता १४

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था : १४

३.२. नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था : १८

३.३ आन्तरिक राजस्वका संकलनको प्रमुख क्षेत्र र सम्भावनाको विश्लेषण : १९

३.३.१ कर राजस्व १९

३.३.२ गैरकर राजस्व : २५

परिच्छेद चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था ३२

४.१ राजस्व परिचालन सम्बन्धी नीति ३२

४.२. आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता ३३
४.३ नगरपालिकाको आन्तरिक आय परिचालन : ३३
४.४. राजस्व परिचालनमा रहेका सवालहरू : ३५
परिच्छेद पाँच : राजस्व सुधार कार्ययोजना ३७
५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना : ३७
परिच्छेद छ : आगामी पाच वर्षको आय प्रक्षेपण ४२
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण : ४३
६.२ आगामी पाँच आर्थिक वर्षको आयको प्रक्षेपण ४५
परिच्छेद सातः अपेक्षित नतिजा ४८
७.१ अपेक्षित नतिजा ४९
७.२ नीति ४९
७.३ रणनीति ४९
७.४ कार्यनीतिहरु ५०
७.५ सुधार गर्नु पर्ने क्षेत्र वा कार्यहरु ५१
परिच्छेद आठ : अनुगमन तथा मूल्यांकन ५३
परिच्छेद नौ : सवल पक्ष, दूर्वल पक्ष, अवसर तथा चुनौती विश्लेषण ५४
परिच्छेद दश :राजश्व सुधार कार्य योजना पुनरावलोकन तथा कार्यान्वयन ५६
अनुसूची ५८
अनुसूची १ : सन्दर्भ सामग्रीहरू ५८
अनुसूची २ : तथ्यांक/सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सूची ५८
अनुसूची ३ : प्रारम्भिक तथा योजना तर्जुमा छलफलको उपस्थिति विवरण ६४

तालिका सुची :

तालिका – १.नगर कार्यपालिकाको कार्यालयको दरबन्दी तेरिज
तालिका – २.नगरपालिको आन्तरिक आय परिचालनको वर्तमान अवस्था
तालिका – ३.घर जग्गा वहाल करको सम्भाव्यता विवरण
तालिका – ४.व्यवसाय करको सम्भाव्यता विवरण
तालिका – ५.बहाल विटौरी शुल्क संकलनको अवस्था
तालिका – ६.सम्पतिको बहालबाट प्राप्त हुन सक्ने आयको सम्भाव्यता विवरण
तालिका – ७.राजश्व परामर्श समिति
तालिका – ८. विगत चार आर्थिक वर्षमा आन्तरिक आय संकलनको अवस्था र औसत वृदिदर
तालिका – ९.कर राजश्व सुधार कार्य योजना
तालिका – १०.आगामी वर्षको राजश्व प्रक्षेपणको आधार
तालिका – ११.चालु वर्षको अनुमान तथा आगामी पाँच वर्षको आय प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको सारांश

वर्तमान संविधानले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीन वटै तहको कार्य जिम्मेवारी निर्धारण गरेको छ । स्थानीय तहलाई आफूले प्राप्त कार्य जिम्मेवारी पुरा गर्न संघ तथा प्रदेश सरकारबाट विभिन्न अनुदान तथा राजस्व बाँडफाँट बापत रकम प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ । बढ्दो खर्च धान्नका लागि संघीय वित्त व्यवस्थाका मान्यता अनुसार विभिन्न कर तथा गैर करहरू लगाउने र उठाउने गरी राजस्व अधिकार समेत स्थानीय तहलाई संवैधानिक रूपमै प्रदान गरिए बमोजिम स्थानीय तहले आफ्नो सामर्थ्य वृद्धि गर्नका लागि आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्न पर्ने आवश्यकता अपरिहार्य बन्न पुगेको छ । यसका लागि स्थानीय तहको राजस्व अधिकारका सुभावनाहरूको खोजी गर्ने, संभाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्न पर्ने नीति गत, कानुनी र व्यबस्थापकीय सुधारका उपायहरू पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्य योजना तर्जुमा गरेको हुन्छ ।शुक्लाफाँटा नगरपालिकाको राजस्व सुधारका लागि नगरपालिकाकै नेतृत्वमा सहभागिता मूलक पद्धति अवलम्बन गरी यो कार्य योजना तर्जुमा गरिएको छ । यस कार्य योजना को प्रमुख उपलब्धिका रूपमा नगरपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवालाहरूलाई राजस्व परिचालनको क्षेत्रमा आधारभूत जानकारी प्राप्त हुनुका साथै नगरपालिकाको आन्तरिक आयको क्षेत्रमा रहेका समस्या तथा अवसरहरूको पहिचान गरी सुधारको कार्य योजना तयार गर्ने र आगामी पाँच वर्षका लागि आयको प्रक्षेपण गर्ने मार्गदर्शन तयार भएको हुनेछ ।

यस कार्य योजना मा स्थानीय तहको राजस्व अधिकार तथा आय स भाव्यता, आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था र पुनरावलोकन तथा कार्यान्वयनको अवस्था समेत उल्लेख गरिएको छ ।

यो नगर शुक्लाफाँटा नगरपालिकाको रूपमा वि.स. २०७३ मा भएको हो। यस शुक्लाफाँटा नगरपालिका समुन्द्री सतहदेखि १०९ मि. को उचाइमा र काठमाडौं देखि ७५३ कि.मी. को दूरीमा अवस्थित रहेको छ । यसको क्षेत्रफल १६२.५७ वर्ग कि.मी. र वडा सख्य १२ रहेको छ । यसको पूर्वमा कृष्ण पुर नगरपालिका , पश्चिममा शुक्लाफाँटा वन्यजन्तु राष्ट्रिय निकुञ्ज र बेद कोट नगरपालिका उत्तरमा डडेलधुराको चुरे पर्वत तथा दक्षिणमा शुक्लाफाँटा वन्यजन्तु राष्ट्रिय निकुञ्ज र लाल झाडी गाउँ पालिका पर्दछन ।

स्थानीय निकायहरूले राजस्व अधिकारको उपयोग विगत लामो समयदेखि गर्दै आएको र यस नगरपालिकाले पनि आन्तरिक स्रोत परिचालन गर्दै आएको अवस्था छ । यस नगरपालिकाको विगत चार आर्थिक वर्षको आन्तरिक आयको अवस्था निम्न बमोजिम रहेको छ ।

सि. नं.	बिबरण रु हजार	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८
१	कर राजश्व तर्फ	४,२८७।२५	४,७२४।१७	४,७२०।२७	१६,७५५।२५
२	अन्य राजश्व तर्फ	५,००५।८८	१३,८२३।२४	९,८२९।४७	११,०३४।५३
	आन्तरिक आय जम्मा	९,२९३।१४	१८,५४७।४०	१४,५४९।७४	२७,७८९।७७
	बार्षिक बृद्धि प्रतिशत	०	४९.९	-२७.४८	४७.६४
३	संघीय सरकार अनुदान	४४१,४०२।८६	४६०,८७९।१३	५६६,०६२।४१	५६३,०४५।६४
४	प्रदेश सरकार अनुदान	३२८।००	१२,८८४।९६	२३,५६५।४४	२१,७१५।२५
५	राजश्व बाडफाड	०।००	८१,१८५।०२	८०,७४३।०४	१०,२३५७।२१

सि. नं.	बिबरण रु हजार	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८
	बाहय आय जम्मा	४४१,७३०।८६	५५४,९४९।१२	६७०,३७०।८९	६८७,११८।१०
	बार्षिक बृद्धि प्रतिशत	०	२०.४	१७.२२	२.४४
	जम्मा आय	४५१,०२४।००	५७३,४९६।५२	६८४,९२०।६३	७१४,९०७।८७

यस नगरपालिकाको आन्तरिक राजश्वमा प्रत्येक बर्ष विभिन्न दरले बिगत चार बर्षमा औसत वृद्धिदर ४४.०७ प्रतिशत देखिएको छ । बाहय श्रोत अन्तर्गत अनुदान तथा राजस्व बाँडफाँडमा औसत वृद्धिदर १५.८७ प्रतिशत रहेको छ ।

नगरपालिकाको गत बिगतको आय श्रोत तथा संभाव्यता बिश्लेषणको आधारमा यस कार्य योजना ले आगामी पाँच आर्थिक वर्षको आन्तरिक राजश्व तथा अन्य आयको प्रक्षेपण गरिएको छ ।

राजस्व शीर्षक	प्रस्तावित	आगामी पाँच वर्षको आय प्रक्षेपण रु हजार				
	२०७८।७९	२०७९।८	२०८०।८१	२०८१।८२	२०८२।८३	२०८३।८४
कर राजश्व तर्फ	१२,७४१	१४,०१५	१५,४१७	१६,९५८	१८,६५७	२०,५२१
अन्य राजश्व तर्फ	९,१९७	१०,११७	११,१२८	१२,२४१	१३,४६२	१४,८१०
आन्तरिक आय	२१,९३८	२४,१३२	२६,५४५	२९,१९९	३२,११९	३५,३३१
राजस्व वाँडफाँडबाट प्राप्त आय	१०८,८१४	११९,६९५	१३१,६६५	१४४,८३१	१५९,३१४	१७५,२४६
संघ सरकार	१०,८८१४	११९,६९५	१३१,६६५	१४४,८३१	१५९,३१४	१७५,२४६
प्रदेश सरकार	४२,५०५	४६,७५६	५१,४३१	५६,५७४	६२,२३१	६८,४५५
कुल आय	३४९,१५७	३८६,०७३	४२४,६८०	४६७,१४७	५१३,८६१	५६५,२४८

कार्य योजना मा नगरपालिकाको आन्तरिक आय बृद्धिका लागि विभिन्न सुझावहरु प्रस्तुत गरिएको छ :

- आन्तरिक राजस्व कार्यालयसँग समन्वय गरी व्यवसाय कर तथा घरजग्गा बहाल कर संकलन प्रक्रियालाई प्रभावकारी बनाउन छुट्टै कार्यविधि बनाउने । घरजग्गा बहाल कर संकलनका लागि छुट्टै जनशक्तिको व्यवस्था गर्ने ।
- आर्थिक वर्षमा सबैभन्दा बढी कर तिर्ने व्यक्ति, नियमित कर तिर्ने तथा एकै करदाताले सबैभन्दा पहिला तीनवटै मुख्य कर (सम्पत्ति कर, व्यवसाय कर तथा घरजग्गा बहाल कर) तिर्नेलाई नगरसभामा वा सार्वजनिक स्थानमा सम्मान तथा पुरस्कार को व्यवस्था गर्ने
- कर शिक्षा कार्यलाइ प्रभाबकारी गराउन पर्ने ।
- राजस्व संकलनका क्षेत्रमा नगरपालिकाको सवल पक्ष, सुधार गर्नेपर्ने पक्षहरु, चुनौतिहरु तथा अवसरहरु समेत यसमा समाबेस गरिएको छ । राजस्व सुधार कार्य योजना तयार गरी कार्यान्वयनमा लैजाँदा हालसम्म भएका प्रगतिहरु एवम् यसको नियमित रुपमा पुनरावलोकन समेत गरी समय सापेक्ष र वास्तविकतामा आधारित कार्य योजना बनाउने प्रयास गरिएको छ ।

यस कार्य योजना ले पहिचान गरेका क्षेत्रहरुको प्रभावकारी कार्यान्वयन गरी आन्तरिक राजस्व अभिबृद्धि गर्न बिद्यमान कानूनी तथा नीतिगत व्यवस्थामा सुधार, राजस्व प्रशासन र प्रभावकारी व्यवस्थापन तथ्याढ्ढमा आधारित अभिलेखको व्यबस्था तथा राजस्व संकलनमा पारदर्शिता र जवाफदेहिता हुनु पर्ने देखिन्छ ।

शुक्लाफाँटा नगरपालिकाको राजश्व सुधार कार्य योजना ले निर्धारण गरेको अपेक्षित उपलब्धी हासिल गर्न कार्य योजना मा तय गरिएका कार्यनीति र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय राजश्व परामर्श समितिलाई बढी जिम्मेवार बनाईनेछ । साथै स्थानीय राजश्व परामर्श समितिलाई सहजीकरण गर्न नगर प्रमुखको संयोजकत्वमा राजश्व सुधार कार्य योजना को प्रगति सम्वन्धी अनुगमन गर्न एक अनुगमन तथा मूल्यांकन समिति गठन गरिएको हुन्छ । यस कार्य योजना को कार्यान्वयनबाट आगामी आर्थिक वर्षहरुमा अनुमान गरिने राजश्वको अनुमान बढी यथार्थपरक भएको हुनेछ ।नगरपालिका र करदाताहरु विचको सम्बन्ध थप सुधार र सहकार्यमा अभिबृद्धि गर्न यसले सहयोग गर्नेछ ।नगरपालिकाको राजश्व प्रशासनको क्षमता अभिबृद्धि र राजश्व प्रशासन करदाता मैत्री हुनेछ ।

परिच्छेद एक : परिचय

१.१ पृष्ठ भूमी

नगरपालिकाको विद्यमान राजस्व अवस्थामा सुधार गर्ने तथा आगामी पाँच वर्षसम्मको राजस्व प्रक्षेपण गर्न शुक्लाफाँटा नगरपालिकाले यो राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan - RIAP) तयार गरेको हो । यस योजना शुक्लाफाँटा नगरपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था अध्ययन, विश्लेषण गरी प्राप्त नतिजाका आधारमा राजस्व सुधारको लागि गर्नुपर्ने कार्यहरूको पहिचान गरिएको छ र सोका आधारमा आगामी पाँच आर्थिक वर्षको राजस्व प्रक्षेपण समेत गरिएको छ । यस राजस्व सुधार कार्ययोजनाले नगरपालिकाको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्ने तथा उक्त कार्यहरूको अनुगमनका लागि तथा आगामी वर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउने विश्वास लिइएको छ । यस कार्ययोजनामा निम्न विषय वस्तुहरूलाई समेटिएको छ ।

राजस्व सुधार कार्ययोजनाको परिचय

नगरपालिकाको संक्षिप्त परिचय

स्थानीय तहको राजस्व अधिकार तथा आय संभाव्यता

आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था

राजस्व सुधार कार्ययोजना

आगामी ५ वर्षको आय प्रक्षेपण

निष्कर्ष तथा सुझाव

अपेक्षित नतिजा

अनुगमन तथा मुल्यांकन

सवल पक्ष,दुर्वल पक्ष,अवसर तथा चुनौती विश्लेषण ।

१.२ राजस्व सुधार कार्य योजनाको औचित्य

नेपालको राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने विद्यमान संवैधानिक व्यवस्था रहेको छ । स्थानीय सरकारले आ–आ‍ँनो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैरकर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयागले सिफारिस गरेको सिमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत छ ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले नगरपालिकालाई आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न सकिरहेका छैनन् । यसको मुख्य कारण स्थानीय तहको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि,

संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

शुक्लाफाँटा नगरपालिकाको राजस्व सुधारका लागि नगरपालिकाकै नेतृत्वमा सहभागितामूलक पद्दति अवलम्वन गरी यो कार्ययोजना तर्जुमा गरिएको छ । यस दस्तावेजको प्रमुख उपलब्धीका रुपमा नगरपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवालाहरुलाई राजस्व परिचालनको क्षेत्रमा आधारभूत जानकारी प्राप्त हुनुका साथै नगरपालिकाको आन्तरिक आयको क्षेत्रमा रहेका समस्या तथा अवसरहरूको पहिचान गरी सुधारको कार्ययोजना तयार गर्ने र आगामी पाँच वर्षका लागि आयको प्रक्षेपण गर्ने मार्गदर्शन तयार भएको हुनेछ ।

१.३ राजश्व सुधार कार्य योजनाले राखेका उद्देश्यहरु

शुक्लाफाँटा नगरपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना र विद्यमान समस्याहरूको विश्लेषण गरी सुधारका क्रियाकलाप पहिचान गर्न र सोको आधारमा आगामी ५ वर्षको आय प्रक्षेपणमा नगरपालिकालाई सहयोग पुर्याउनु नै यस कार्ययोजना तयार गर्नुको मुलभूत उद्देश्य हो । यस कार्ययोजनाका विशिष्ठ उद्देश्यहरू देहाय अनुसार रहेका छन्:

- नगरपालिकाको आय अधिकार तथा सुधार योजना सम्बन्धमा प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्यहरु, राजस्व परामर्श समितिका पदाधिकारीहरु, शाखा प्रमुखहरू, वडा सचिवहरु, राजस्व प्रशासनमा संलग्न कर्मचारीहरू, प्रमुख राजनीतिक दल तथा उद्योग वाणिज्य संघका प्रतिनिधि र अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- राजस्व प्रशासनको संस्थागत व्यवस्था, बिलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- नगरपालिकाको आन्तरिक आय वद्धिका सम्भावनाहरू पहिचान गरी आय प्रक्षेपण एवम् आय सुधार रणनीति सहितको राजस्व सुधार कार्य योजना तयार गर्ने ।
- राजस्व परिचालन क्षमतामा विगतको तुलनामा सुधार हुदै गएको भएता पनि संघीयताको कार्यान्वयन पछि संघ र प्रदेश सरकारबाट प्राप्त अनुदानमा ठुलो वृद्धि भएको कारण हाल नगरपालिकाको कुल आयमा कर तथा गैर करको हिस्सा ४.०४ प्रतिशत मात्र रहेको छ ।

१.४ कार्य योजना तर्जुमा विधि तथा प्रकृया :

कार्य योजना तयार गर्ने कार्य नगरपालिकाका पदाधिकारी, शाखा प्रमुख तथा अन्य कर्मचारी र वडा सचिवहरू सहितको सहभागितामा कार्यशाला आयोजना गरी सम्पन्न गरिएको थियो । त्यसबाहेक, सरोकारवालाहरू सँगको अन्तरक्रिया तथा सूचना संकलन फारामको उपयोग तथा सम्बन्धित कर्मचारी तथा जनप्रतिनिधिहरुसँग छलफल जस्ता विधिहरूबाट कार्ययोजना तयारीका लागि थप सूचना संकलन गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूको विस्तृत विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन :

अध्ययन कार्यको प्रथम चरणमा विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो। प्रतिवेदनका लागि आवश्यक सूचना नगरपालिकाको कार्यालयमा रहेका राजस्व शाखा, लेखा शाखा, योजना शाखा, नक्सा शाखा, प्रशासन शाखा लगायत अन्य शाखा र एकाइहरुबाट संकलन गरिएको थियो । थप सूचनाका लागि सम्बन्धित कर्मचारी तथा पदाधिकारीहरुसँग छलफल गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सन्दर्भ सामग्रीहरू अनुसूची १ मा दिइएको छ ।

१.४.२ तथ्यांक/ सूचना संकलन फारम तथा सूची विकास :

तथ्यांक संकलन गर्नु अघि सम्बन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन तथा विश्लेषण गरी परामर्शदातृ संस्थाले अन्य स्थानीय तहहरुमा गरेको अभ्यास समेतलाई मध्यनजर गरी सूचना संकलनका लागि आवश्यक फारामहरूको विकास गरिएको थियो । नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फाराम अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

१.४.३ तथ्यांक/सूचना संकलन :

अध्ययनका क्रममा परामर्शदाताद्वारा नगरपालिकाका विभिन्न शाखाहरू तथा सरोकारवाला पक्षहरूसँग छलफल, अन्तरक्रिया, स्थलगत अवलोकन एवम प्रकाशित अप्रकाशित प्रतिवेदनहरुबाट आवश्यक सूचनाहरू संकलन गरिएको थियो । अध्ययनका क्रममा निम्न क्षेत्रगत तथ्यांक एवं सूचनाहरू संकलन गरिएको थियो :

- राजस्व प्रशासन तथा सूचना प्रवाहसम्बन्धी विवरण
- गत वर्ष तथा चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- नगरपालिकाको वस्तुगत विवरण
- कर्मचारी विवरण तथा संगठन संरचना (organogram)
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना
- गत विगत वर्षाहरूमा बनेका राजत्व सुधार कार्य योजनाहरू तथा नगरपालिकाबाट भए गरेका राजत्व सम्बन्धी दस्तावेजहरू

१.४.४ अभिमुखीकरण कार्यशाला तथा गोष्ठी :

उपरोक्त बमोजिम संकलन गरिएका सुचना तथा तथ्याङकहरुको जानकारी गराउन तथा अगामी वर्षमा लिनु पर्ने नीतिगत निर्देशन समेतका लागि राजश्ख परामर्श समितिका संयोजकको अध्यक्षतामा नगरपालिकाका कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासनीय अधिकृत, राजश्व तथा लेखा शाखाका कर्मचारीहरु, विषयगत शाखा प्रमुखहरु (योजना, कृषि, पशु, स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका विकास), उधोग वाणिज्य संघ, वन उपभोक्ता समितिका प्रतिनिधी, व्यवसायी, बुद्दीजीवीहरु लगायत अन्य सरोकारवालाहरु सहित एक बृहतगोष्ठीको आयोजना गरिन्छ । कार्यशालाका विभिन्न सत्रहरुमा राजश्व सुधार कार्ययोजनाको निर्माणको उदेश्य, अवधारणा तथा प्रकृया, रावश्व सम्बन्धी सैद्दान्तीक पक्षहरु स्थानिय तहको राजश्व अधिकार तथा परिचालन सम्बन्धी व्यवस्था र प्रभावकारी राजश्व प्रशासन राजश्व परिचालनमा देखिएका समस्याहरु, सम्भावनाहरु, जिम्मेवारीहरु र कार्यान्वय गर्ने समयावधी, सुधारका लागि गनु पर्ने कार्यहरुका वारेमा शिर्षकगत रुपमा छलफल गरी यस योजनालाई अन्तिम रुप दिईने छ ।

निम्न चार समुहमा विभाजन :

समूह	समूह कार्यको शीर्षक/क्षेत्र
समूह १.	सम्पति कर तथा मालपोत।भुमिकर सम्बन्धमा शिर्षकगत दर,दायरा र प्रक्षेपण सम्बन्धी छलफल
समूह २.	घर जग्गा बहाल कर र पूर्वाधार उपयोग शुल्क,फोहोरमैला व्यवस्थापन, राजश्वको प्रक्षेपण र सुधार कार्य योजना
समुह ३.	व्यवसाय कर र अटो रिक्सा,इरिक्सा विषथमा राजश्वको प्रक्षेपण र सुधार कार्ययोजना सम्बन्धी छलफल
समुह ४.	राजश्व शाखाको वर्तमान अवस्था र संस्थागत विकासका विषयहरु समुहगत अभ्यास पश्चात यस अध्ययनका लागि आवश्यक थप सुचना तथा तथ्यांकहरुका वारेमा छलफल । यो प्रारम्भिक मस्यौदालाई उक्त कार्यशालाबाट प्राप्त सुझावहरुका आधारमा अन्तिम रुप दिइने छ ।

१.४.५ प्रतिवेदन तयारी :

कार्यशाला, समूहगत छलफल र स्थलगत भ्रमण तथा सन्दर्भ सामाग्री एवम् प्रतिवेदनहरुको अध्ययनबाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्यांकीय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरी राजस्व सुधार कार्य योजना तयार गरिएको हो ।

१.५. योजनाको सीमा

नगरपालिकाको राजस्व सुधार कार्य योजनाको क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययन प्रतिवेदनका आफ्नै सीमाहरू रहेका छन्, जुन निम्नानुसार रहेका छन् :

- अध्ययन तथा विश्लेषण कार्यका लागि प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार लिइएको छ । यसका अतिरिक्त नगरपालिकाका सम्बन्धित प्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसँग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।

- नगरपालिकाका आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक रुपमा स्थलगत अध्ययनबाट संकलन गरिएको छ ।
- नगरपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि,नगरपालिकाका सेवामा हुने वृद्धि र नागरिक संन्तुष्टिमा हुने वृद्धि, मूल्यांकन दरमा हुने वृद्धि आदि क्रियाकलापहरूले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्यांकहरू उपलब्ध नभएकाले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

परिच्छेद दुई : नगरपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा नगरपालिकाको आय परिचालन सँग सम्बन्धित प्रत्यक्ष–अप्रत्यक्ष पक्षहरूलाई समावेश गरिएको छ । यसले नगरपालिकाको भौगोलिक आर्थिक तथा सामाजिक अवस्था तथा नगरपालिकाको संस्थागत क्षमतालाई चित्रण गर्दछ ।

२.१ नगरपालिकाको संक्षिप्त परिचय

२.१.१ राजनैतिक तथा प्रशासनिक विभाजन :



नेपालको सुदुरपश्चिम प्रदेश अन्तरगत कञ्चनपुर जिल्लामा पर्ने यो शुक्लाफाटा नगरपालिका नेपाल सरकारको मिति २०७३ साल फागुन २२ गतेको निर्णयानुसार देशभरी गठन भएका स्थानीय तहहरू मध्ये एक स्थानीय तह हो । यस नगरपालिका हुनु पुर्व झलारी र पिपलाडी गरी दुई वटा गा.वि.स थिए र ती दुई वटा गा.वि.स तथा देखतभुली गा.वि.स. का ४ र ६ नं. वडाहरु समेत समायोजन भै २०७३ मा शुक्लाफाँटा नगरपालिका बनाईएको हो । यो नगरपालिका जम्मा १२ वटा वडा मिलेर बनेको छ । जिल्लाको सदरमुकाम भीमदत्तनगर देखि २० कि.मि टाढा पूर्व तर्फ रहेको यस नगरपालिकाको क्षेत्रफल १६२.५७ वर्ग कि.मी. रहेको छ । नगरपालिका घोषणाको समयमा यस नगरपालिकाको कुल जनसंख्या ६३,६६७ रहेको र घर धुरी संख्या १०७२१ र कुल जनसंख्यामा महिला ३१२७२ र पुरुष ३२३९५ रहेका थियो । यसले आफ्नै खालको धार्मिक, राजनैतिक र सामाजिक महत्व र विशेषता बोकेको छ । यस नगरपलिकाक्षेत्रमा सबै जात जाती धर्म क्षेत्रका मानिसहरूको मिश्रित बसोवास रहेको छ । यस नगरपलिकाको पूर्वमा कृष्णपुर नगरपालिका, पश्चिममा शुक्लाफाँटा वन्यजन्तु आरक्ष र वेदकोट नगरपालिका, उत्तरमा डडेल्धुराको चुरे पर्वत र दक्षिणमा शुक्लाफाँटा वन्यजन्तु आरक्ष र लालझण्डी गाउपालिका रहको छ । यस नगरपालिकामा स्थानीय सरकारको रुपमा नगरपालिका कार्यालय, झलारी र पिपलाडी गरी दुइवटा स्वास्थ्य चौकी, तथा विभिन्न तहका पढाई हुने माध्यमिक १३ र आधारभुत १९ गरि जम्मा ३२ वटा सामुदायिक बिद्यालयहरू रहेका छन

हालै सम्पन्न राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजाअनुसार यस नगरपालिकाको जनसंख्या घर धुरी सख्या निम्न अनुसार रहेको छ।

अनुसूची ३: स्थानीय तह अनुसारको प्रारम्भिक जनसंख्या

जिल्ला/स्थानीय तह	जनगणना घर संख्या	परिवार संख्या	प्रारम्भिक जनसंख्या २०७८		
			जम्मा	पुरुष	महिला
कञ्चनपुर					

शुक्लाफाँटा नगरपालिका	११३१६	१२१२०	५४३७९	२४९४८	२९४३१

द्रष्टव्यः स्थानीय तहको जनसंख्यामा संस्थागत परिवार समावेश गरिएको छैन ।

यसका साथै सहकारी संस्थाहरू, लक्षित वर्ग सञ्जाल, सामुदायिक वन उपभोक्ता समिति, स्थानीय युवा क्लब, आमा समुह, बचत तथा स्वावलम्वन समुहहरू छन् । यसका साथै यस नगरपालिकामा सुशासन, स्थानीय शासन, सामाजिक मेलमिलाप लगायतका विभिन्न विषयगत क्षेत्रमा विभिन्न गैरसरकारी संघसंस्थाहरूले कार्य गरिरहको पाइन्छ । विद्युत सेवाको रुपमा यस नगरपालिकाका नागरिकहरूले नेपाल विद्युत प्राधिकरणको केन्द्रिय प्रशारणबाट प्राप्त गरिरहेका छन । नेपाल टेलीकमको जिएसएम र सिडिएमएको टावर रहेको यस नगरपालिकाका अधिकांस नागरिकहरूमा मोबाइलको पह'ँच वृद्धि भएको पाइन्छ । सडक सञ्जालीकरणको पूर्व पश्चिम राजमार्गले समेत छोएको यस नगरपालिकामा शाखा सडकहरू समेत रहेको पाइन्छ ।

२.१.२ मुख्य नदीनाला तथा खोलाहरु :

यस नगरपालिकाको उतरबाट दक्षिण तर्फ बग्ने ३ वटा नदीहरु सुनवरा,स्याली र बनहारा नदीहरु रहेका छन् । यसै नगरपालिकाको वडा नं ८ मा मणिकाधाम ताल रहेको छ भने सोही वडामा बतासे झरना पनि छ । यसै गरी वडा नं २ मा झारखण्ड ताल पनि रहेको छ ।

२.१.३ धार्मिक तथा पर्यटकीय स्थलहरु :

यस नगरपालिका क्षेत्रभित्र मणिका धाम, कृष्णसार, डिलासैनी मन्दिर, घटाल बाबा मन्दिर, इटाहा बाबा मन्दिर, शिव मन्दिर, झारखण्ड मन्दिर, बैजनाथ मन्दिर जस्ता पर्यटकीय महत्व बोकेका पर्यटकीय क्षेत्रहरू रहेका छन । यस क्षेत्रमा प्रत्येक दिन आगन्तकको संख्या बढ्दै गइरहेको छ । यस क्षेत्रमा रहेको मणिका धाममा बैजनाथको मन्दिर, ताल रहेको छ । कृष्णसार घाँसे मैदान र कृष्णसार जनावरको लागि प्रख्यात रहेको छ । झारखण्ड मन्दिर र ताल ,बतासे छहरा आदि रहेको छ । हाल सम्म यी क्षेत्रहरुबाट नगरपालिकाले आम्दानी गर्न सकेको छैन अर्थात व्यवसायिक पर्यटनको सुरुवात गर्न सकेको छैन । सम्भावना भने रहेको देखिन्छ ।

२.१.४ प्रमुख बजार तथा आर्थिक अवस्था :

यस नगरपालिकाको सदरमुकाम रहेको मुख्य बजार झलारी हो । अन्य बजारहरु वडा नं ११ कलुवापुर,वडा नं ५ र ६ विच भागमा बनसमिति र वडा नं १ बनसाह चौराह रहेका छन् । बजार क्षेत्रका बासिन्दाहरु व्यापार व्यवसायमा केही लागेका छन भने अधिकांश नगरपालिकाबासीहरु कृषि पेशामा आश्रित रहेका छन् ।

२.१.५ कृषि,उधोग तथा पर्यटन :

यस नगरपालिकामा धान,गहुँ,मकै,तोरी,मसुर,केराउ बालीको उत्पादन गरिन्छ । तरकारी उत्पादन पनि यो नगरपालिकामा केही मात्रामा गरिन्छ तर आत्म निर्भर भने हुन सकेको छैन तरकारीहरु अन्यत्रबाट आयात गर्ने गरेका पाईन्छ ।

यस नगरपालिकामा विभिन्न वस्तु उत्पादन गर्ने चामल,चाउचाउ(चाउमीन),आईसकृम गरी केही मात्रामा घरेलु उधोग रहेका छन । यस नगरपालिकाम पशुपालन,कुखुरा पालन,बंगुरपालन,बाख्रापालन,भैसी पालन व्यवसाय पनि संचालनमा रहेका छन् । मत्स्य पालन व्यवसाय पनि केही स्थानमा गरिएको छ ।

२.२ नगरपालिकाको मानव संसाधनको अवस्था :

यस नगर पालिकाले हालसम्म नगरपालिकाको संगठन संरचना पारित गरेको छ । यसैगरी कर्मचारी दरबन्दी पनि स्वीकृत गरेको छ । संघीय सरकारबाट प्राप्त केही दरबन्दीहरु, विषयगत मन्त्रालयबाट पठाइएका कर्मचारीहरु र केही करारका कर्मचारीहरुबाट कार्य सञ्चालन भईरहेको अवस्था छ ।

तालिका १: नगर कायर्पालिकाको कार्यालयको दरबन्दी तेरिज

नगरपालिका सञ्चालनका लागि नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत सहित २१ सदस्यीय कार्यपालिका रहेको छ भने कर्मचारीतर्फ २०७५ फागुन मसान्तमा प्रमुख प्रशासकीय अधिकृत सहित विभिन्न तहका .... कर्मचारी कार्यरत रहेको देखिन्छ । थप विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ :

Annex - 3

शुक्लाफांटा नगरपालिका

विद्यमान संगठनात्मक संरचना

(Existing Organizational Structure)



नगरपालिकाको कार्य बोझलाई दृष्टिगत गरी केही पदमा थप कर्मचारीहरूको आवश्यकता देखी नगरपालिकाले संशोधनको लागि केही दरबन्दी हटाई समायोजन गर्न हलको दरबन्दीहरू र प्रस्तावित दरबन्दीको विस्तृति विवरण निम्न अनुसार रहेको छ।

१अस्थायी दरवन्दीहरु

क्र. सं.	पद	तह/श्रेणी	सेवा	समूह	उप समूह	साविक दरबन्दी	प्रस्तावित दरबन्दी
	इन्जिनियर	६	इन्जिनियरिङ	सिभिल	–	1	1
	अ.न.मि.	४	स्वास्थ्य	नर्सिङ	–	9	6
	खोप कार्यकर्ता	४	स्वास्थ्य	प्रयोगशाला	–	6	6
	नायब पशु स्वास्थ्य प्राविधिक	४	कृषि	पशु सेवा/ भेटेरिनरी	–	1	3

नायब प्राविधिक सहायक	४	कृषि	कृषि प्रसार	–	1	4	
प्रशासन सहायक	४	प्रशासन	सा.प्र.	–	2	2	
सामाजिक परिचालक	४	प्रशासन	सा.प्र.	–	2	2	–
असिस्टेन्ट सब–इन्जिनियर	४	इन्जि.	सिभिल	–	2	4	2
सहायक कम्प्युटर अपरेटर	४	विविध	कम्प्युटर	–	१	3	2
अमिन	४	इन्जि.	सर्भे	–	१	1	–
			जम्मा		26	32	9

२ विषयगत शाखाहरुको दरबन्दी विवरण

क्र.सं.	शाखा, उपशाखा, इकाइको नाम	दरबन्दी ख्या
	महाशाखा प्रमुख, तह–९/१०, (इन्जि./सिभिल)	१
	१. शाखा प्रमुख (वरिष्ठ इन्जिनियर), तह–७/८ (इन्जि./सिभिल)	१
	२. सव–इन्जिनियर, तह–५/६ (इन्जि./सिभिल)	१
	३. सहायक कम्प्युटर अपरेटर, तह–४, (विविध/कम्प्युटर)	१
	१. शाखा प्रमुख (इन्जिनियर), तह–६/७ (इन्जि./सिभिल)	१
	२. सब–इन्जिनियर, तह–५/६ (इन्जि./सिभिल)	१
	३. खा.पा.स.टे. तह–५, (इन्जि./स्यानीटरी)	१
	४. इलेक्ट्रिशियन, तह–४/५, (इन्जि./इलेक्ट्रिकल)	१
	५. अमिन, तह–४/५ (इन्जि./सवेर्)	१
	१. वातावरण अधिकृत, तह–६/७ (विविध/वातावरण)	१
	२. सव–इन्जिनियर, तह–५/६ (इन्जि./सिभिल)	१
	३. सहायक, तह–५ (प्रशासन/सा.प्र.)	१
	१. शाखा प्रमुख (योजना तथा अनुगमन अधिकृत), तह–६/७ (प्रशासन/सा.प्र.)	१
	१. सव इन्जिनियर, तह–५ (इन्जि./मेका.)	१
	१. शखा प्रमुख (सूचना प्रविधि अधिकृत), (तह–६ (विविध/कम्प्युटर)	१
	२. कम्प्युटर अप्रेटर, (तह–५ (विविध/कम्प्युटर)	१
	३. सहायक कम्प्युटर अप्रेटर, (तह–४ (विविध/कम्प्युटर)	१
	महाशाखा प्रमुख, तह–९/१०, (शिक्षा/शिक्षा प्रशासन)	१
	१. शाखा प्रमुख (वरिष्ठ शिक्षा अधिकृत), तह–७/८ (शिक्षा/शिक्षा प्रशासन)	१
	२. प्राविधिक सहायक, तह–५/६ (शिक्षा/शिक्षा प्रशासन)	१
	३. सहायक कम्प्युटर अपरेटर, (तह–४ (विविध/कम्प्युटर)	१
	१. सहायक, तह–५, (प्रशासन/सा. प्र.)	१
२.३		
	१. सहायक, तह–४ (प्रशासन/सा.प्र.)	१
	शाखा प्रमुख (जन स्वास्थ्य अधिकृत), तह–७/८ (स्वास्थ्य/हे. ई.)	१
	१. हेल्थ असिस्टेन्ट/सि.अ.हे.व. अधिकृत, तह–६ (स्वास्थ्य/हे. ई.)	१
	२. पब्लिक हेल्थ नर्स/सि.अ.न.मि. अधिकृत, तह–६ (स्वास्थ्य/नर्सिङ)	१
	१. कविराज तह–५/६, (स्वास्थ्य/आयुर्वेद)	१

२. वरिष्ठ वैद्य, तह–४/५, (स्वास्थ्य/आयुर्वेद) १

३. औषधि कुटुवा १

४. महिला अभ्यंगकर्ता १

५. कार्यालय सहयोगी १

१. हेल्थ असिस्टेन्ट/सि.अ.हे.व. अधिकृत, तह–६ (स्वास्थ्य/हे.ई.) १

२. स्टाफ नर्स/सि.अ.न.मि. अधिकृत, तह–६ (स्वास्थ्य/नर्सिङ) १

३. हे.अ./सि.अ.हे.व., तह–५ (स्वास्थ्य/हे.ई.) २

४. स्टाफ नर्स/सि.अ.न.मि/अ.न.मि,तह–४/५, (स्वास्थ्य/नर्सिङ) १

५. अ.हे.व., (तह–४, (स्वास्थ्य/ हे.ई.) १

६. ल्याव असिस्टेन्ट, (तह–४, (स्वास्थ्य/प्रयोगशाला) १

७. कार्यालय सहयोगी १

१. हेल्थ असिस्टेन्ट/सि.अ.हे.व. अधिकृत,तह–६ (स्वास्थ्य/हे.ई.) १

२. स्टाफ नर्स/सि.अ.न.मि. अधिकृत, तह–६ (स्वास्थ्य/नर्सिङ्) १

३. हे.अ./सि.अ.हे.व., तह–५ (स्वास्थ्य/हे.ई.) २

४. स्टाफ नर्स/सि.अ.न.मि/अ.न.मि,तह–४/५, (स्वास्थ्य/नर्सिङ्) १

५. अ.हे.व., (तह–४, (स्वास्थ्य/ हे.ई.) १

६. कार्यालय सहयोगी २

१. हेल्थ असिस्टेन्ट/सि.अ.हे.व. अधिकृत, तह–६ (स्वास्थ्य/हे.ई.) १

२. स्टाफ नर्स/सि.अ.न.मि. अधिकृत, तह–६ (स्वास्थ्य/नर्सिङ) १

३. हे.अ./सि.अ.हे.व., तह–५ (स्वास्थ्य/हे.ई.) २

४. स्टाफ नर्स/सि.अ.न.मि/अ.न.मि,तह–४/५, (स्वास्थ्य/नर्सिङ) १

५. अ.हे.व., (तह–४, (स्वास्थ्य/ हे.ई.) १

६. कार्यालय सहयोगी १

(२.४.३.१) बन्साह, वडा नं. १ अनुदान रकमबाट व्यवस्थापन समितिले व्यवस्था गरे बमोजिम

(२.४.३.२) वेलडाँडी, वडा नं. ८

(२.४.३.३) दिपनगर, वडा नं. ११

१. महिला विकास निरीक्षक, तह–५ (विविध/महिला विकास) १

२. सहायक महिला विकास निरीक्षक, तह–४ (विविध/महिला विकास) १

१. सहायक, तह–५ (प्रशासन/सा.प्र.) १

शाखा प्रमुख (कृषि विकास अधिकृत), तह–७/८, (कृषि/कृषि प्रसार) १

---

१. प्राविधिक सहायक, तह–५/६ (कृषि/बालि विकास / बागवानी) २

२. नायब प्राविधिक सहायक, तह–४ (कृषि/बागवानी) १

१. शाखा प्रमुख (पशु चिकित्सक), तह–६/७, (कृषि /भेटेरिनरी) १

२. लाइभष्टक/भेटेरीनरी अधिकृत, तह–६/७, (कृषि लाइभष्टक/भेटेरीनरी) १

१. लाइभष्टक/भेटेरीनरी अधिकृत, तह–६/७, (कृषि लाइभष्टक/भेटेरीनरी) १

२. पशु स्वास्थ्य/पशु सेवा प्राविधिक, तह–५ (कृषि/पशु सेवा/भेटेरिनरी) १

३. नायब पशु स्वास्थ्य/पशु सेवा प्राविधिक सहायक, तह-४ (कृषि/पशु सेवा/भेटेरिनरी)	१
४. कार्यालय सहयोगी	१
१. पशु स्वास्थ्य/पशु सेवा प्राविधिक, तह-५/६ (कृषि/पशु सेवा/भेटेरिनरी)	१
२. नायब पशु स्वास्थ्य/पशु सेवा प्राविधिक सहायक, तह-४ (कृषि/पशु सेवा/भेटेरिनरी)	१
३. कार्यालय सहयोगी	१
(२.८.३) पशु सेवा केन्द्र, वन्शाह	
१. कार्यालय सहयोगी	१
शाखा प्रमुख (आर्थिक विकास अधिकृत), तह-६/७, (प्रशासन/सा.प्र.)	१
१. सहायक, तह-५ (प्रशासन/सा.प्र.)	१
२. सहायक, तह-४ (प्रशासन/सा.प्र.)	१
१. सहायक, तह-५ (प्रशासन/सा.प्र.)	१
१. शाखा प्रमुख (वरिष्ठ प्रशासकीय अधिकृत), तह-७/८, (प्रशासन/सा.प्र.)	१
२. प्रशासन अधिकृत, तह-६ (प्रशासन/सा.प्र.)	१
१. सहायक, तह-५ (प्रशासन/सा.प्र.)	१
२. सहायक, तह-४ (प्रशासन/सा.प्र.)	१
३. हलुका सवारी चालक	३
४. व्याकोहो लोडर ड्राइभर	१
५. व्याकोहो लोडर हेल्पर	१
६. दमकल चालक	१
७. भारी सवारी चालक	२
८. दमकल हेल्पर	२
९. इलेक्ट्रिशियन	१
१०. कार्यालय सहयोगी	१०
११. कुचीकार	४
१. सहायक, तह-५ (प्रशासन/सा.प्र.)	१
१. सहायक, तह-५ (प्रशासन/सा.प्र.)	१
१. कानुन सहायक, तह-५ (न्याय/कानुन)	१
१. सहायक, तह-५ (प्रशासन/सा.प्र.)	१
१. नगर प्रहरी हवलदार, (तह-३ (प्रशासन/नगर प्रहरी)	१
२. नगर प्रहरी जवान, (तह-२ (प्रशासन/नगर प्रहरी)	४
शाखा प्रमुख (वरिष्ठ लेखा अधिकृत), तह-७/८, (प्रशासन/लेखा)	१
१. लेखा सहायक, तह-५ (प्रशासन/लेखा)	१
२. सह लेखापाल, तह-४ (प्रशासन/लेखा)	१
लेखापरीक्षण अधिकारी , (तह-६/७, प्रशासन/लेखा)	१
१. वडा सचिव, (तह-५/६, प्रशासन/सा.प्र.)	५
२. वडा सचिव, (तह-४/५, प्रशासन/सा.प्र.)	७
३. कार्यालय सहयोगी, (तह विहीन/प्रशासन/सा.प्र.)	१२

२.३ नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था :

नगरपालिकाका मुख्य भौतिक सम्पत्तिमा शुक्लाफाँटा वडा नं. १० र ४ मा रहेका व्यापारिक सटर, वडा नं.१,४,५,७,८,१०,११,१२ मा रहेका वडा कार्यालय भवन,वडा नं १० मा नगरपालिका भवन,कृषि भवन,आयुर्वेद अस्पताल भवन,वडा नं ४ मा पशु स्वास्थ्य केन्द्र भवन तथा वडा नं १,३,४,७,१० र

११ मा स्वास्थ्य केन्द्र भवन रहेका छन् । नगरपालिकाको स्वामित्वमा रहेका मेसिन, औजार तथा अन्य उपकरण तर्फ एम्बुलेन्स एकवटा,व्याकहो लोडर एकवटा,टिप्पर दुईवटा,जिप तिनवटा, वारुण यन्त्र एकवटा तथा मोटर साईकल २७ वटा रहेका छन् ।

परिच्छेद तीन : स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा उपलब्ध कानुनी व्यवस्था अनुसार नगरपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शिर्षकगत रुपमा विस्तृत विश्लेषण गरिएको छ । यसबाट नगरपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले संवोधन गर्ने विश्वास लिइएको छ ।

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था :

नेपालको संविधान ले स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ :

- सम्पति कर
- घर बहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- सवारी साधन कर
- सेवा शुल्क दस्तुर
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- भूमीकर (मालपोत)
- दण्ड जरिवाना
- मनोरञ्जन कर

संघीय कानुन (स्थानीय सरकार संचालन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ :

(क) नगरपालिकाको एकल अधिकार:

अ) कर

- <u>सम्पति कर:</u> आफनो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमी कर (मालपोत) लगाउनु पर्ने । "घरले चर्चेको

जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने ।

(आर्थिक ऐन, २०७८ र केही नेपाल ऐनलाई सशोधन गर्न बनेको ऐन, २०७८ वाट संशोधित ब्यवस्था)

- भूमि कर (मालपोत): आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने । तर,

  सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने ।
- घर जग्गा बहाल कर: कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।
- व्यवसाय कर: पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- सवारी कर: टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- जडिबुटी, कवाडी र जीवजन्तु कर: आ ंनो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यवसायिक उपयोग गरे बापत ।

आ) शुल्क

- बहाल बिटौरी शुल्क: आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- पार्किङ शुल्क: आ ंनो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

इ) सेवा शुल्क

- आ ंनो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिप लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा ।
- आफ"ले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा

  (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

ई) दस्तुर

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर:
  - एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग
  - ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग - नक्सा पास दस्तुर
- पञ्जीकरण व्यवस्थापन दस्तुर
- वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर

उ) विक्री गर्न सक्ने (केही नेपाल ऐनलाई ससोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित ब्यवस्था)

- नगरपालिकाले आआफ्नो क्षेत्रभित्र वाताबरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको विक्री गर्न सक्ने ।
- नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्न (केही नेपाल ऐनलाई ससोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित

ब्यवस्था)

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खन्न रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार ब्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

संघीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ :

(क) एकल कर प्रशासन सम्वन्धी ब्यवस्था (आर्थिक ऐन २०७५ वाट संसोधित ब्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा

सवारी साधन करको दर नगरपालिकाले लगाउने र उठाउने ।

(ख) घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने नगरपालिकाले उठाउने ।

(ग) मनोरंजन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने

(घ) विज्ञापन करको दर नगरपालिकाले लगाउने र उठाउने:

(ख), (ग) र (घ) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई वाँडफाँड गरिने
- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई वाँडफाँड गर्ने
- प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

(ख) राजस्व बाँडफाँड:

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने
- स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने
- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत हुने
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने

(ग) अनुदान

- <u>वित्तीय समानीकरण अनुदान:</u> खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त
- <u>सशर्त अनुदान:</u> कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- <u>समपूरक अनुदान:</u> पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- <u>विशेष अनुदान:</u> कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट प्राप्त अनुदान

(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण

- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र वदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफनो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने ब्यवस्था हुनुका साथै निम्न अनुसारका थप ब्यवस्थाहरू रहेका छन ्।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक ब्यवस्था)
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वदेशिक ऋण वा सहायताबाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको

  क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफै वा ब्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने ।

३.२. नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था :

माथि उल्लिखित राजस्व अधिकार सम्बन्धी कानूनी आधारमा यस नगरपालिकाको सम्भाव्य आय शिर्षकहरूको परिचालनको अवस्था विश्लेषण गरिएको छ । यस अन्तर्गत नगरपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देहाय बमोजिम पहिचान गरिएको छ :

तालिका २: नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

क.सं.	आयका शिर्षक	सम्भावना	दर निर्धारण	संकलन
क.	करतर्फ			
१.	भूमि कर (मालपोत)	भएको	भएको	भएको
२.	सम्पत्ति कर	भएको	भएको	भएको
३.	सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)	भएको	भएको	भएको
४.	घर जग्गा बहाल कर	भएको	भएको	भएको
५.	व्यवसाय कर	भएको	भएको	भएको
६.	जडीबुटी, कवाडी र जीवजन्तु कर	नभएको	नभएको	नभएको
७.	विज्ञापन कर	भएको	भएको	नभएको
ख.	गैरकर	नभएको	नभएको	नभएको
८.	स्लेट, ढुङ्गा, गिट्टी, बालुवा, एवम माटोजन्य वस्तुको बिक्री	भएको	भएको	नभएको
९.	काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री	नभएको	नभएको	नभएको
१०.	सामुदायिक वन पैदावार बिक्री	भएको	नभएको	भएको
११.	नक्सा पास दस्तुर	भएको	भएको	भएको
१२.	व्यक्तिगत घटना दर्ता शुल्क	भएको	भएको	भएको
१३.	बहाल विटौरी शुल्क	भएको	भएको	भएको
१४.	पार्किङ्ग शुल्क	भएको	भएको	नभएको
१५.	फोहरमैला व्यवस्थापन शुल्क	भएको	भएको	नभएको
१६.	स्थानीय खानेपानी महसुल	नभएको	नभएको	नभएको
१७.	स्थानीय विद्युत महसुल	नभएको	नभएको	नभएको

१८.	मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क (केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफलायर, प्याराग्लाईडिङ्ग आदि)	भएको	भए को	नभएको,
१९.	निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)	भएको	भएको (हाटबजारमा)	नभएको
२०.	मूल्यांकन सेवा शुल्क	भएको	भएको	भएको
२१.	दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म)	भएको	भएको	भएको
२२.	ढुङ्गा, गिटट्ी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क	भएको	नभएको	नभएको
२३.	वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर	भएको	भएको	भएको
२४.	दण्ड जरिवाना	भएको	नभएको	नभएको

प्रस्तुत तालिकामा विद्यमान कानुनी प्रावधान अनुसार स्थानीय सरकारले लिन पाउने कर तथा गैरकरहरुको आधारभूत अवस्था शीर्षकगत रुपमा प्रस्तुत गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन अनुसार उपरोक्त तालिकामा उल्लेखित १९ बटा करका शीर्षकमा कर संकलनको संभावना भएको, तर कर संकलन, पार्किङ्ग शुल्क, जडीबुटी, ढुङ्गा, गिटट्ी, बालुवा र जीवजन्तु कर, दण्ड जरिवाना, निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क, मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा, फोहरमैला व्यवस्थापन शुल्क, पार्किङ्ग शुल्क बाहेक अन्य शीर्षकमा भएको देखिन्छ ।

३.३ आन्तरिक राजस्वका संकलनको प्रमुख क्षेत्र र सम्भावनाको विश्लेषण :

३.३.१ कर राजस्व

क. सम्पत्ति कर

हालको अवस्था: नगरपालिकाले चालु आ.व. २०७८।७९ मा समेत सम्पत्ति कर लिने व्यवस्था गरेको छ । नगरपालिकाको आर्थिक ऐन २०७८ ले घर/संरचना र सो घर/संरचनाले चर्चेको (प्लिन्थ एरिया) जग्गामा सम्पत्ति कर लगाउने व्यवस्था गरेको छ । घर/संरचनाको मूल्यांकनको आधार देहायअनुसार रहने व्यवस्था गरेको छ :

क) घरको आकार, प्रकार, बनोट, आयु, निर्माण सम्पन्न भएको वर्ष र ह्रास मूल्य,

ख) घर र जग्गाको प्रचलित बजार मूल्य,

ग) घर र जग्गाको व्यवसायिक र आवासीय उपयोगको अवस्था,

माथी उल्लेखित बाहेक बाँकी जग्गामा मालपोत संकलन गरिने भनी ऐनमा उल्लेख गरिएको छ । त्यसै गरी चालु आ.व. २०७८।७९ का लागि रु. २ करोड १९ लाख ३८ हजार संकलन हुने भनी अनुमान गरिएको छ । सम्पत्ति कर र मालपोत दुवै संकलन गरिने व्यवस्था चालु आ.व.का लागि अनुमा गरिएको छ । गत आ.व. २०७७।७८ मा सम्पत्ति कर शिर्षमा जम्मा रु.२०,०८,५९२।३१ संकलन भएको थियो । नगरपालिका कार्यालय लगायत वडा नं ३,४,६,७,८,१० र १२ का कार्यालयहरुमा बिलिङका लागि कम्प्युटर सॅटवेयरको व्यवस्था भएको र केन्द्रिय सर्भर संग जोडिएकोले दैनिक विलिङ्गको जानकारी नगरपालिकामा प्राप्त हुने गरेको छ ।

सम्पत्तिकर बुझाउने करदाता सम्बन्धी विवरण हेर्दा चालु आ.व.को पुष मसान्तसम्म जम्मा २७७२ करदाता भएका छन् ।

संभाव्यता: नगरपालिकाका घरधुरी तथ्यांक सम्बन्धी हालै गरिएको कुनै सर्भेक्षण नभएकाले गत विगत आ.व.को तथ्यांक र हालको विकासको अवस्था हेर्दा करिब ३४८४ घरधुरी रहेको अनुमान गरिएको थियो तर, हलै सम्पन्न राष्ट्रिय जनगणनाको प्रारम्भिक तथ्याङ्क अनुसार घर धुरी सख्य ११,३१६ रहेको पाइएको छ जस अनुसार शुक्लाफाँटा नगरपालिकाको करदाता शिक्षालाई प्रभावकारी रूपमा सञ्चालन गर्न सकेमा हालको कर भन्दा धेरै कर संकलन गर्न सकिने देखिन्छ ।

विद्यमान कानूनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने हुँदा उल्लेखित घरधुरी संख्या ३४८४ लाई नै यस अध्ययनको प्रयोजनका लागि कुल सम्पत्ति करदाता संख्या कायम गरिएको छ । हालको एकीकृत सम्पत्ति करको दर तथा संकलनको अवस्था हेर्दा प्रति करदाता रु ३१५।७२ सम्पत्ति कर संकलन हुन सक्ने अनुमान गर्न सकिन्छ ।

प्रति करदाता उठन सक्ने (अनुमानित) औसत सम्पत्ति कर (रु.)	३१५।७२
सम्पत्ति करदाता (संख्या)	३४८४
समग्रमा उठन सक्ने कुल सम्पत्ति कर (रु.)	११,००,०००

सुधारका पक्षहरू: सम्पत्ति कर कार्यान्वयनमा आइसकेको भए पनि सम्भावित सबै करदाता करको दायरामा आइसकेको देखिँदैन । सम्पत्ति करका सम्बन्धमा नगरपालिकाले सुधार गर्नुपर्ने विषयहरु निम्नअनुसार रहेको देखिन्छ :

- नगरपालिकाका सबै सम्भावित करदाताको लगत संकलन गरी घर दर्ता सम्पन्न गर्ने ।
- सम्पत्ति मूल्यांकन दर र सम्पत्ति करको दर पुनरावलोकन गरी यथार्थपरक बनाउने ।
- करको दायरामा नआएकालाई सूचनामूलक, जनचेतनामूलक तथा अन्य कार्यक्रमहरु मार्फत् करको दायरामा ल्याउने ।
- सम्बन्धित करदाताको घर कति फुटको कस्तो गुणस्तरको बाटोले छोएको हो भन्ने सहज तथ्यांकको अभिलेख राख्ने ।
- सम्पत्ति करका विजकलाई सूचना प्रविधिको माध्यमद्वारा करदातालाई अग्रिम रुपमा जानकारी गराउने पद्धति सुरु गर्ने ।

ख मालपोत वा भूमि कर

हालको अवस्था: नगरपालिकाको संशोधित आर्थिक ऐन, २०७८ ले सम्पत्ति कर लगाउने भनी तोकिएको जग्गा बाहेकका अन्य जग्गामा मालपोत तथा भूमिकर लगाउने व्यवस्था गरेको छ । । तर चालु आ.व.का लागि आर्थिक ऐनमा जग्गाको क्षेत्रफलका आधारमा मालपोतको दर निर्धारण गरी रु. ५५ लाख संकलन हुने अनुमान गरिएको छ ।

नगरपालिकाले करदाताबाट सम्पत्ति कर र भूमी करको रकम बुझिलिई करदातालाई एकीकृत रुपमा एउटै विल/रसिद दिन सक्ने प्रावधान अनुरुप हाल उक्त करहरु एकैपटक एकीकृत रुपमा संकलन गरिरहेको छ ।

संभाव्यता: नगरपालिकामा भूमीकर लगाउन योग्य जग्गा र सोको करदाता सम्बन्धी यकीन गर्न तथ्याङ नभएको हुदा गत आ.व.को राजश्व संकलनको अवस्था हेर्दा करिब ३४८४ घरधुरी रहेको अनुमान गरिएको छ । एक घरधुरीमा एकभन्दा बढी व्यक्तिसँग भूमिकरयोग्य जग्गा हुन सक्ने र सबै जग्गा धनीले घर निर्माण

नगरी घडेरी मात्र राख्ने तथा नगरपालिका बाहिरका बासिन्दाहरुको समेत जग्गा भएको हुदा कुल घरधुरी र भूमिकरको करदाता संख्या निर्धारण गर्न सकिने अवस्था रहेको छैन :

कुल भूमिकर करदाता संख्या (अनुमानित)	३४८४
प्रतिकरदाता औसत भूमि कर (अनुमानित)	१५७८।६४
कुल सम्भाव्य भूमि कर	५५०००००

सुधारका पक्षहरू: नगरपालिकामा भूमि तथा करदातासम्बन्धी विस्तृत र यकीन तथ्यांक उपलब्ध छैन । यस कारण भूमि र करदातासम्बन्धी विस्तृत र यकीन तथ्यांक संकलन र नियमित अद्यावधिकरणको व्यवस्था गर्नु भूमिकर सम्बन्धमा प्रमुख आवश्यकताको रुपमा रहेको देखिन्छ । थप सुधारका पक्षहरु देहायअनुसार छन् :

- मालपोत कार्यालयबाट तथ्यांक संकलन गरेर अथवा मालपोत कार्यालय सँगको समन्वयमा नयाँ नापी गरेर भूमिसम्बन्धी यकीन र विस्तृत तथ्यांक कायम गर्ने
- क्षेत्रफलका आधारमा नभई मुल्यका आधारमा करको दर निर्धारण गर्ने । करको दर प्रगतिशिल बनाउने ।
- आर्थिक ऐनमा गरिएको व्यवस्था कार्यान्वयन गरी भुमि कर संकलन गर्ने ।
- सडकहरुको नक्साङ्कन, नामाकरण र लगत कट्टाको व्यवस्था गर्ने ।
- आर्थिक ऐन परिमार्जन गरी भूमिकर र सम्पत्ति कर अनिवार्य रुपमा एकैपटक उठाइने कानुनी व्यबस्था गर्ने ।
- भूमिकर लाग्ने जग्गाको मूल्यांकनमा आवश्यकता अनुसार परिमार्जन गर्ने ।

ग. घरजग्गा वहाल

कर

हालको अवस्था: नगरपालिकाले आर्थिक ऐनमा उल्लेख गर्दै घर वा जग्गा बहालमा लगाई आम्दानी गरेमा वार्षिक बहाल रकमको १२ प्रतिशत कर असुल गर्ने ब्यवस्था गरेको छ । नगरपालिकाले प्रभावकारी रुपमा यो कर संकलन गर्न सकेको छैन । हालसम्म संस्थागत रुपमा बहालमा बस्ने संस्थाहरूले अन्य निकायको कानुनी प्रावधानका कारण नबुझाई नहुने भएको खण्डमा मात्र बुझाउने गरेको देखिन्छ । गत आ.व. २०७७।७८ मा यस शिर्षकवाट करिब रु. ९,५०,६३६।२२ संकलन भएको देखिन्छ । विगत आर्थिक वर्षको तुलनामा करिब ३६।९३ प्रतिशतले बृद्धि देखिएता पनि संकलित रकम न्युन हो ।

संभावना: यस नगरपालिका क्षेत्र भित्र विभिन्न प्रयोजनका लागि घरजग्गा वहालमा लिएको अनुमान छलफलका दौरान नगर क्षेत्रमा करिब १२५ घर जग्गा बहाल करका करदाता भएको अनुमान गरिएको छ । नगरपालिकाले घरजग्गा वहाल करलाई प्रगतिशील बनाई आम्दानीको आधारमा दरलाई ठुला आम्दानी गर्ने करदाताका लागि १२ र साना आम्दानी गर्ने करदाताका लागि १० प्रतिशत कायम गरेमा प्राप्त तथ्यांकका आधारमा विश्लेषण गर्दा देहाय बमोजिम संकलन सम्भावना देखिन्छ ।

तालिका ३: घर जग्गा बहाल करको सम्भाव्यता विवरण

क्र.सं.	आयका आधारमा बहाल लिने करदाता	बहालमा भएको संख्या	औसत मासिक भाडा रकम	जम्मा वार्षिक भाडा असुली	प्रस्तावित करको दर	घर बहाल कर
			(ख)	(ग)	(घ)	(ङ)
		(क)	अनुमानित	क X ख X १२	प्रतिशत	ग X घ

१	ठुला करदाता (मासिक १०,००० वा सो भन्दा बढी बहाल आय हुने) : मुख्यत: संस्थागत प्रयोजन मा भाडामा लगाईका घरहरु	३०	१४,०००	५०,४०,०००	१२	६,०४,८००
क्र.सं.	आयका आधारमा बहाल लिने करदाता	बहालमा भएको संख्या	औसत मासिक भाडा रकम	जम्मा वार्षिक भाडा असुली	प्रस्तावित करको दर	घर बहाल कर
			(ख)	(ग)	(घ)	(ङ)
		(क)	अनुमानित	क X ख X १२	प्रतिशत	ग X घ
२	साना करदाता (मासिक १०००० भन्दा कम बहाल आय हुने) : मुख्यत: साना व्यवसाय तथा घरयासी प्रयोजन मा भाडामा लगाईका घरहरु	९०	५,५००	५९,४०,०००	१०	५,९४,०००
जम्मा						११,९८,८००

तथ्यांक स्रोत: राजश्व परामर्श समिति संगको छलफल

सुधारका पक्षहरू:

- वहालमा भएका घरजग्गाको लगत संकलन गरी अद्यावधिक गर्ने र सम्पत्ति करसंग आवद्ध गर्ने ।
- घरजग्गा वहाल रकम मुल्यांकन गर्न संरचनाको प्रकार र स्थानको आधारमा प्रति वर्गफिटका दरले वहाल मूल्य निर्धारण गर्ने र सो वमोजिम वहाल रकम निर्धारण गरी कर संकलन गर्ने ।
- वहाल करको दर पुनरावलोकन गर्ने ।
- घरजग्गा वहाल कर संकलन कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐन वा कार्यविधिमा बहाल कर नतिरेमा हुन सक्ने दण्ड सजाय सम्बन्धी स्पष्ट प्रावधान राख्ने ।

घ. अन्य कर

१. व्यवसाय कर

हालको अवस्था: नगरपालिकाले आर्थिक ऐनमा व्यवसायहरूलाई व्यवसायको किसिमको आधारमा विभाजन गरी करको दर निर्धारण गरेको छ । करको दर न्यूनतम रु ३०० (साना पसल) देखि अधिकतम रु ३०,००० (क वर्गका ठुला होटलहरु,निर्माण व्यवसाय,उधोग आदि) सम्म रहेको छ

नगरपालिकाले गत आर्थिक वर्षमा रु. १२,९७,४६८।०० व्यवसाय कर असुल गरेको छ । गत विगत आ.व.को तुलनामा गत आ.व २०७७।७८ मा बढी व्यवसाय कर संकलन भएको देखिन्छ । यस क्षेत्रमा हालसम्म जम्मा १५८५ व्यवसायहरु दर्ता भएका छन् । चालु आ.ब.को पुष सम्म ४२७ कर दाताबाट जम्मा रु. ६,८०,५६०।०० रुपैया संकलन भएको छ । उल्लेखित आधारमा हेर्दा प्रति करदाता रु. १५९३।८१ कर हुन आउछ ।

संभावना: यस नगरपालिकाको बजार क्षेत्रहरूमा रहेका व्यवसायहरुको किसिम अनुसारका संख्या सम्बन्धी तथ्यांक तत्काल उपलब्ध छैन । चालु वर्षको पुष सम्ममा नगरपालिकामा दर्ता भएको जम्मा १३५ वटा व्यवसाय संलग्न रहेको देखिन्छ । उल्लेखित तथ्यांक तथा नगरपालिकाको विगतको संकलन तथा छलफलका दौरान प्राप्त नतिजाका आधारमा हेर्दा जम्मा व्यवसायी लाई ठुला, मध्यम र साना करदाता मानी तीन तहमा वर्गिकरण गरि देहायअनुसार सम्भाव्यता एकिन गरिएको छ :

तालिका ४: व्यवसाय करको सम्भाव्यता विवरण

क्र.सं.	करदाता (व्यापार व्यवसायको स्तर अनुसार)	संख्या	औसत करको दर	संभावित आय
१	ठुला व्यवसायीहरु (१०,००० भन्दा अधिक कर तिर्ने करदाता)	९	१५,०००	१,३५,०००
२	मध्यम व्यवसायीहरु (५,००० भन्दा अधिक १०,००० सम्म कर तिर्ने करदाता)	५०	७,५००	३,७५,०००
३	साना व्यवसायीहरु (५,००० भन्दा कम कर तिर्ने करदाता)	८७८	२,५००	२१,९५,०००
जम्मा		९३७		२७,०५,०००

सुधारका पक्षहरू: नगरपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- व्यवसायको करको लगत संकलन गरी व्यवसाय करको अभिलेखलाई सम्पत्ति करको अभिलेखसंग आवद्ध गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- नगरपालिका क्षेत्रमा व्यवसाय गर्नको लागि नगर कार्यपालिकावाट व्यवसाय संचालन इजाजत लिनुपर्ने व्यवस्था अनिवार्य गर्ने ।
- व्यवसाय कर संकलन टोली गठन गरी वर्षमा १ पटक व्यवसाय कर संकलन अभियान संचालन गर्ने ।
- प्रभावकारी रुपमा व्यवसाय कर संकलनका लागि आन्तरिक राजस्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय तथा उद्योग बाणिज्य संघ आदि कार्यालयहरूसंग आवश्यक सहयोग र समन्वय गर्ने । जस्तै आन्तरिक राजस्व कार्यालयले व्यवसाय संचालनका लागि VAT तथा PAN दर्ता एवं नवीकरण गर्दा स्थानीय निकायको व्यवसाय कर चुक्ता अनिवार्य गरिदिएमा कर संकलन प्रभावकारी हुनेछ ।
- व्यवसाय दर्ता प्रकृया संगै बन्द भएका व्यवसायीहरु नामसारी तथा खारेजी गर्ने कामलाई पनि तिब्रता दिने ।
- व्यवसाय कर नतिर्ने व्यवसायलाई दण्ड सजायको व्यवस्था पनि ऐनमा अनिवार्य राख्नु पर्ने देखिन्छ ।
- व्यवसायीलाई सम्मान तथा पुरस्कारको व्यवस्था समेत गनु पर्ने देखिन्छ ।

ग.२ जडिवुटी, कवाडी, जीवजन्तु कर

हालको अवस्था: नगरपालिकाका बजार क्षेत्रबाट कवाडी संकलन गरी बेचविखन गर्ने व्यवसायहरू रहेका छन् तर अन्य मरेका जीवजन्तु तथा जडिवुटी संकलन तथा बिक्रीका सन्दर्भमा भने सम्बाभना देखिदैन । स्थानीय सरकार संचालन ऐन लागू भएपछि यस शिर्षकबाट आय संकलन गर्ने अधिकार प्राप्त भएसंगै नगरपालिकाले आर्थिक ऐनमा करका दरहरू निर्धारण गरेको छ । यस शिर्षकमा करका दर निर्धारण भएतापनि हालसम्म नगरपालिकाले कवाडीे कर मात्र संकलन गरेको पाईन्छ भने चालु आ.व.का लागि समेत अनुमान गरेको छ । कवाडी करको सन्र्दभमा नगरपालिकाले ठेक्का प्रकृया मार्फत इजाजत प्रदान गरी प्रति नगरपालिकाको आर्थिक ऐनमा गरेको व्यवस्था बमोजिम करका दरले संकलन गर्न अनुमति प्रदान गरेको देखिन्छ ।

संभावना: नगरपालिकाले आफनो क्षेत्रवाट कवाडी मालवस्तु संकलन गर्न तपसिल अनुसार दर निर्धारण गरेको छ । नगरपालिकाले वस्तुको मूल्यको आधारमा कर निर्धारण गरेमा वार्षिक रु २,००,०००।०० यस स्रोतवाट संकलन हुन सक्ने सम्भावना देखिन्छ । तर मरेका जीवजन्तु तथा जडिवुटी संकलन तथा बिक्रीका सन्दर्भमा जानाकारी नभएकाले सोको सम्भावना गणना गरिएको छैन ।

सुधारका पक्षहरू: कवाडी, जडिवुटी र जीवजन्तु कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गनर्’ आवश्यक देखिन्छ ।

- जडिबुटी, कवाडी तथा जीवजन्तु कारोवार इजाजत दस्तुर र करको दर निर्धारण गर्ने ।
- जडिबुटी, कवाडी तथा जीवजन्तुको व्यवसायिक रुपमा कारोवार गर्नेलाई इजाजत प्रदान गरी कारोवारको आधारमा कर संकलन गर्ने ।

घ. साना सवारी कर

हालको अवस्था: वर्तमान कानुनले नगरपालिकालाई टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता तथा नवीकरण तथा सवारी कर संकलन गर्ने अधिकार प्रदान गरेको छ । नगरपालिकाले आर्थिक ऐनमा वार्षिक सवारी करको दर तथा साना सवारी साधनको दर्ता तथा नवीकरण दस्तुर निर्धारण गरेको छ । कार्यशालाका दौरान भएको छलफल अनुसार यस नगरपालिकामा हालसम्म कति साना, ठुला सवारी साधन रहेका छन भन्ने व्यहोरा एकिन हुन सकेका छैन ।

संभावना: नगरपालिकाले उल्लेखित बमोजिमका साना सवारी,ठुला सवारी एकिन गर्न सके कर (दर्ता तथा नवीकरण सहित) लिएमा वार्षिक हाल संकलन भई रहेको राजश्व भन्दा करिव १० प्रतशित थप राजश्व संकलन हुन सक्ने सम्भावना देखिन्छ ।

सुधारका पक्षहरू: सवारी कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता तथा इजाजत कार्यविधि तर्जुमा गर्ने ।
- सवारी दर्ता दस्तुर निर्धारण गर्ने तथा वार्षिक सवारी करको दर परिमार्जन गर्ने ।
- सवारी साधनको लगत तयार गर्ने ।

ङ) विज्ञापन कर

हालको अवस्था: नगरपालिकाले आ`नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल अदिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानुन अनुसार यो प्रदेश सरकारसंग बाँडफाँड हुने कर हो । विज्ञापन करको दर निर्धारण तथा संकलन नगरपालिकाले गरी संकलित रकममध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनु पर्दछ ।

विज्ञापन करका सन्दर्भमा नगरपालिकाले विभिन्न विज्ञापनका सामाग्री अनुसार करको दरहरू निर्धारण गरेको छ भने, ठेक्का विधिद्वारा यो कर सकलन गरी रहेको छ । चालु आ.व.मा समेत यो कर सकलनका लागि ठेक्का खोलीएको छ ।

संभावना: नगरपालिका क्षेत्रमा हुने विज्ञापन सामाग्री सम्बन्धी आवश्यक तथ्यांक नभएकाले राजश्व संकलनमा कमी भएको छ र आगमी आ.व.मा आवश्यक तथ्यांक विवरण तयार गर्न सके राजश्व संकलन १० देखि ३० प्रतिशत सम्म बृद्घि हुने सम्भावना देखिन्छ ।

सुधारका पक्षहरू:

- विज्ञापनका सामग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्यांक संकलन गर्ने ।
- संकलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- न्यूनतम संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।

३.३.२ गैरकर राजस्व :

क) बिक्रीबाट प्राप्त रकम

१. स्लेट, ढ'ंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री

हालको अवस्था: केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको यस संशोधनसँगै संघीय कानूनमा स्रोत बाँडफाँटको अर्को स्पष्ट कानुनी व्यवस्था नभएसम्म यस शीर्षकको राजस्व नगरपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ । साविकमा प्रारम्भिक वातावरणीय परीक्षणको मात्र व्यवस्था भएकोमा यस संशोधनसँगै वातावरणीय प्रभाव मूल्यांकनको समेत व्यवस्था भएको छ र आवश्यकता अनुसार यी दुई अध्ययनको सिफारिशका आधारमा स्थानीय तहले ढुंगा, गिटट्ी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ ।

नगरपालिकाले आर्थिक ऐनमा नदीजन्य पर्दार्थ बिक्री तथा निकासी गर्ने गरि उक्त व्यवस्था बमोजिम दर निर्धारण गरेको देखिन्छ । नगरपालिकाले खोलानालाका नदिजन्य पदार्थको बिक्री निकासीका लागि ठेक्का निकासा गरे पनि हाल सम्म ठेक्का परेको छैन ।

संभावना: स्याली र सुनवरा खोलाका मुख्य स्थलमा प्रारम्भिक वातावरण परिक्षण सम्पन्न भई जिल्ला समन्वय समितिबाट स्वीकृत भएको देखिन्छ ।

सुधारका पक्षहरू:

- सम्बन्धित सबै क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षणका अतिरिक्त आवश्यक भए वातावरणीय प्रभाव मूल्यांकन समेत गर्ने
- ढुङ्गा, गिट्टी तथा बालुवा ठेक्का प्रक्रिया अगाडि बढाउनु पूर्व नगरसभाबाट बिक्रीको दर परिमार्जन गरी आर्थिक ऐनमा व्यवस्था गर्नुपर्ने ।
- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर उत्खनन् गर्ने कार्य गराउन आवश्यक कार्यविधि तर्जुमा गर्ने
- संकलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन हुने कार्य सुनिश्चित गर्ने ।

- अर्थिक ऐन नियम विपरित गर्ने ठेकेदारलाई नगरपालिकाले कारबाही गर्ने र ठूलो परिमाणमा दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।

क.२ सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त हुने आय

हालैको स्थानीय सरकार सञ्चालन ऐनको संशोधनमा यस सम्बन्धी देहाय बमोजिमको व्यवस्था गरेको छ :

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आ¯नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।
- वन पैदावरको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने छ ।

यस नगरपालिकामा रहेका निम्नानुसारका २२ वटा सामुदायिक वनहरुबाट बिक्री हुने वन पैदावरको परिमाण आम्दानी सम्बन्धी यकीन तथ्यांक प्राप्त हुन सकेन ।

तपसिल

श्री डिलाशैनी सामुदायिक वन	वडा नं १	श्री भगवती महिला सामुदायिक वन	वडा नं १
श्री जनज्योती सामुदायिक वन	वडा नं १	श्री सिद्ध बैजनाथ सामुदायिक वन	वडा नं १
श्री झिलीमिली सामुदायिक वन	वडा नं १	श्री लक्ष्मी सामुदायिक वन	वडा नं.२
श्री जानकी महिला मध्यवर्ती सामुदायिक वन	वडा नं २	श्री त्रिशक्ती मध्यवर्ती उपभोत्ता समिति	वडा नं ४
श्री सुनदेवी उपभोत्ता समिति	वडा नं ६	श्री नागेश्वर सामुदायिक वन	वडा नं ६
श्री वातावरण सामुदायिक वन	वडा नं ७	श्री भगवती सामुदायिक वन	वडा नं ८
श्री बैजनाथ सामुदायिक वन	वडा नं ८	श्री प्रगति महिला सामुदायिक वन	वडा नं ८
श्री कालिका सामुदायिक वन	वडा नं ८	श्री विन्द्रावन सामुदायिक वन	वडा नं ९
श्री बसन्त सामुदायिक वन	वडानं ११	श्री कृष्ण सामुदायिक वन	वडा नं ११
श्री कालीका सामुदायिक वन	वडानं ११	श्री डिलासैनी सामुदायिक वन	वडा नं १२
श्री ईटाह सामुदायिक वन	वडानं १२	श्री जनजागरण सामुदायिक वन	वडा नं १२

सुधारका पक्षहरू:

- नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिहरु संग समन्वय गरी यस सम्बन्धी जानाकारी सहितको छलफल गर्ने ।
- सामुदायीक वन तथा वन पैदावर सम्बन्धी अभिलेख संकलन गर्ने ।
- सामुदायीक वन पैदावर बिक्री तथा उपयोग सम्बन्धीे वार्षिक कार्ययोजना नगरपालिकामा स्विकृत गर्ने व्यवस्था मिलाउने ।
- आय संकलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

ख) बहाल बिटौरी शुल्क

हालको अवस्था: नगरपालिकाले आफुले रेखदेख वा सञ्चालन गरेको हाटवजार र सरकारी जग्गामा वनेका संरचनाको उपयोग गरेवापत वहाल विटौरी शुल्क लगाउन पाउने कानुनी ब्यवस्था छ । हाल यस नगरपालिकाले दुई किसिमका बहाल बिटौरी शुल्क संकलन गरिरहेको छ :

- आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गाको प्रयोगमा
- सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसलमा वर्गीकरण अनुसार नगरपालिकाले सार्वजनिक जग्गाहरुको प्रयोग बापत केही क्षेत्रहरुबाट यो शुल्क संकलन गरिरहेको छ । नगरपालिकाले हाटबजार विटौरी शुल्क आर्थिक ऐनवाट निर्धारण गरी उल्लेखित सार्वजनिक जग्गाको प्रयोग बाफत आफैं देहाए अनुसार असुल गरेको छ :

तालिका ५: बहाल विटौरी शूल्क संकलनको अवस्था

क्र.सं.	बहाल बिटौरीको क्षेत्र	चालु आ.व. ०७६।७७ को संकलन	चालु आ.व. ०७७।७८ को संकलन	चालु आ.व. ०७८।७९ को पुष सम्म संकलित रकम
१	सार्वजनिक स्थल तथा ऐलानी जग्गा प्रयोग बापत	१,९६,७१७।००	५२,२३,२०८।००	७,२७५
	जम्मा	१,९६,७१७।००	५२,२३,२०८।००	७,२७५

नगरपालिकाको क्षेत्राधिकारभित्र ऐलानी तथा पर्ति जग्गाहरूमा नगरका कैयौं वस्तिहरू रहेका छन् । हाल नगरपालिकाले त्यस्ता स्थानमा बनेका संरचनाहरूलाई समेत बहाल विटौरी शूल्कको दायरामा ल्याउने प्रयास गरिरहेको छ । नगरपालिकाको आ`नै स्वामित्वमा भएका जमिनको परिचालन सम्भावना एकिन गरी सोबाट आय आर्जन गर्न अग्रसर हुनुपर्ने देखिन्छ ।

संभावना: बहाल विटौरी शुल्क संकलन सम्बन्धी हालको अवस्था र शुल्क संकलनमा नगरपालिकाको प्रयास हेर्दा आगामी दिनमा यो शिर्षक वापत बढ्दो दरमा आय संकलन हुने सम्भावना देखिन्छ । आगमी आ.व.मा सार्वजनिक जग्गाको प्रयोग गर्ने प्रयोगकर्ताहरुको पहिचान गरी व्यवस्थित रुपमा बहाल विटौरी शुल्क संकलनमा अग्रसर हुनु आवश्यक छ । विगतको संकलनको अवस्था तथा अब नगरपालिकाले चाल्ने कदमका आधारमा विश्लेषण गर्दा देहाय बमोजिम शुल्क संकलन हुने सम्भावना देखिन्छ :

क्र.सं.	सम्पत्तिको किसिम	आगामी आ.व.को लागि सम्भाव्य रकम
१	सार्वजनिक स्थल तथा ऐलानी जग्गा प्रयोग वापत	५५,००,०००
	जम्मा	५५,००,०००

सुधारका पक्षहरू: नगरपालिकाको वहाल विटौरी शुल्कमा सुधार ल्याउनको लागि

- ऐलानी वा पर्ति जग्गामा वनेका संरचनाहरूको अभिलेख राखी वहाल विटौरी शुल्कको अभिलेख राख्ने ।
- हालसम्म दर्ता कायम नभएका ऐलानी जग्गाको अभिलेख राखी वहाल विटौरी शुल्क लिन सक्ने सम्भावनाको अध्ययन गरी कार्यान्वयन गर्ने ।
- हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्यांक तथा विवरण संकलन गर्ने ।

ग) पार्किङ शुल्क : हालको अवस्था: नगरपालिकाले आफ्नो क्षेत्रभित्र सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत पार्किङ शुल्क लगाउन सक्ने कानुनी व्यवस्था रहेको छ । नगरपालिकाले पार्किङ शुल्क आर्थिक ऐनमा समावेश गरेको छ । विगतका आ.व. देखि नै कर निर्धारण गरे पनि हाल सम्म राजश्व संकलन भने गर्न सकेको देखिदैन ।

सम्भावना : हाल यस नगरपालिका क्षेत्रमा विभिन्न परियोजना मार्फत् सडक निर्माणका काम तिब्ररुपले बढ्दै गईरहेको छ भने यहाका जनताहरुले समेत नीजि सवारी किन्ने र त्यसको प्रयोग गर्ने दर बढ्दो देखिन्छ । नगरपालिकाका मुख्य बजारक्षेत्रमा पार्किङ पूर्वाधारको व्यवस्था/विकास गर्नु आवश्यक हुन्छ । पार्किङ स्थलहरुको पहिचान तथा निर्माण गर्ने जस्ता योजनाहरु नगरपालिकाले अगाडी सार्नुपर्ने देखन्छ ।

सुधारका पक्षहरू: नगरक्षेत्रको सुन्दरता कायम राख्दै, सवारी पार्कीङ्गलाई व्यवस्थित गरी नगरबासीलाई सुविधा प्रदान गर्न देहायका कार्य गर्नुपर्ने देखिन्छ :

- नगरपालिकाका मुख्य बजारक्षेत्रमा पार्किङ पूर्वाधारको व्यवस्था/विकास गर्ने
- हाल भईरहेका पार्किङ स्थलहरुको स्तरोन्नति तथा आवश्यक क्षेत्रमा पार्किङ स्थलहरुको पहिचान तथा निर्माण गर्ने
- पार्किङ शुल्कको दर पुनरावलोकन गरी आवश्यक परिमार्जन गर्ने
- शुल्क संकलनको विधि स्पष्ट गरी संकलन गर्ने ।

घ) नक्सा पास दस्तुर :

हालको अवस्था: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ७, दफा २७ ले कसैले पनि नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु हुँदैन भन्ने निर्देशन गरेको छ । यस नगरपालिकाले नक्सापासको शुरुवात गरेको देखिन्छ ।

चालु आ.व. २०७८।७९ को पुष मसान्तसम्म नक्सापास तथा नियमित (अभिलेखिकरण) भएका घर तथा संरचनाको संख्या र संकलित राजस्व देहायअनुशार रहेको छ :

समयावधि	नक्सा पास तथा अभिलेखिकरण संख्या	संकलित दस्तुर	प्रति नक्सा पास संकलित औसत दस्तुर
हालसम्म	करिब		
आ.व. २०७७।७८ मा	५४	८,८५,०७७।५२	१६,३९०।३२
चालु आ.व.को पुष मसान्त सम्म	७	२७,८,६९८।०३	३९,८१४।००

हाल सम्मको नक्सा पासको अवस्था हेदा प्राय: नक्सा पास भएका घरहरुको औसत क्षेत्रफल १००० वर्ग फिटका रहेका छन् ।

नगरपालिकाले नक्सा पास दस्तुरको दर आर्थिक ऐनमा निर्धारण गरेको छ । घरको बनौट,तल्ला,क्षेत्रको आधारमा प्रति वर्ग फिट न्यूनतम रु. ५ देखि रु. १० सम्म नक्सा पासको दस्तुर निर्धारण गरेको छ भने नक्सा पास नगरी बनेका घरलाई नियमित अर्थात अभिलेखिकरण गर्दा दोब्बर दस्तुर लिने व्यवस्था गरेको छ । यसका अलावा देहायका दस्तुर समेत नक्सा पास अन्तर्गत लिने गरी निर्धारण भएको छ :

<u>शिर्षक</u>

१. नगरपालिकाको मुख्य बजार क्षेत्रको ५०० मिटर दाया" वाया" आवासिय प्रयोजनका लागि निर्माण हुने घरको
प्रति वर्गट रु.९।–

२. कलुवापुर, महाकाली राजमार्ग संग जोडिएको स्थानमा व्यवसायिक प्रयोजनका लागि निर्माण हुने प्रति वर्गफुट रु.१०।–

३. १ र २ मा उल्लेखित स्थान वाहेक अन्य स्थानमा निर्माण हुने घरको प्रति वर्ग वर्गफुट रु. ६।००

४. नक्सा पासको निवेदन किताव रु. ५००।–

५. नक्सा नामसारी दस्तुर रु. ५००।–

६. नक्साको प्रतिलीपी प्रमाणित दस्तुर रु. ५००।–

७. नक्सा पासको प्रमाण पत्रको प्रतिलीपी दस्तुर रु. ३००।–

८. संन्धि सर्पन सम्वन्धी सार्वजनिक सूचना प्रकासन वापत दस्तुर रु १०००।–

९. घर निर्माण सम्पन्न प्रमाण पत्र सिफारिश दस्तुर रु. १०००।–

सम्भावना: यस नगरपालिका क्षेत्रमा बढ्दो शहरीकरण संगै भवन निर्माणमा तिव्रता देखिन्छ । हाल यस क्षेत्रमा प्राय: जसो न्युनतम १००० वर्ग फिटका घरहरू निर्माण भईरहेका छन् । आगामी आ.व.मा यस नगरपालिकामा करिब १०० वटा नयाँ घर निर्माण हुने र पुराना २५० वटा नक्सा पासको दायरामा आउन सक्ने अनुमान गर्न सकिन्छ । चालु आर्थिक वर्ष २०७८।७९ मा यसबाट जम्मा रु. ५,७५,००० आम्दानी हुने सम्भावना देखिन्छ ।

सुधारका पक्षहरू: नक्सापास प्रकृयाले आय आर्जन मात्र नभई भवन निर्माण प्रकृयालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकुल परिमार्जन गर्दै जाने ।

ङ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता, अनुमति, नविकरण दस्तुर) :

हालको अवस्था: स्थानीय तहले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो वापत दस्तुर संकलन गर्न सक्छन् ।

हाल नगरपालिकाले "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ तर्जुमा गरी लागु गरेको छ । चालु आ.व.का लागि आर्थिक ऐनमा दर्ता तथा नविकरण दस्तुर निर्धारण गरिरहेको छ । चालु आ.व.का लागि उक्त रकम व्यवसाय कर संगै अनुमान गरी संकलित रकम एउटै शिर्षकमा राखेको देखिन्छ ।

सम्भावना : नगरपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका ब्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत दिन सकिन्छ । हाल करिव ९८ जति उल्लेखित किसिमका व्यवसायिक फर्म, फार्मेसी, निजी विद्यालय, तालिम प्रदायक तथा निर्माण व्यवसायीहरु आदि यस नगरक्षेत्रमा रहेको अनुमान गरिएको छ । चालु वर्षमा त्यस्ता संस्थाहरूलाई दर्ता, अनुमति र नवीकरण गर्दा औसत दस्तुर रु. १०२०।४० लिइएको खण्डमा प्रति वर्ष रु. १,००,००० आय हुने अनुमान गरिएको छ ।

सुधारका पक्षहरू:

- दर्ता तथा अनुमतिका लागी छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐनमा दर्ता तथा अनुमति दस्तुरको दर परिमार्जन गरी निर्धारण गर्ने ।
- नयाँ व्यवसाय वा कारोवार संचालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- अनुमति नलिई संचालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिवानाको ब्यवस्था गर्ने ।

च) सिफारिस तथा प्रमाणित दस्तुर :

हालको अवस्था: नगरपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट संकलन गरिआएको छ । आर्थिक ऐनले सिफारिश तथा प्रमाणितको दर न्यूनतम रु ५० देखि २०००० सम्म निर्धारण गरेको छ र यसवाट गत आर्थिक वर्षमा करिब रु ५३,९७,०० असुली भएको र चालू आर्थिक वर्षमा यस शिर्षकमा रु. २२,००,०००।०० लाख संकलन हुन सक्ने अनुमान गरिएको छ । नगरपालिकाले नगर कार्यपालिका तथा वडा कार्यालयहरूवाट यस्तो दस्तुर संकलन गरिआएको छ । चालु आ.व.को मंसिर मसान्तसम्म करिब रु. ६ लाख २९ हजार ५ सय ३० रुपैया यस शिर्षकमा संकलन भएको छ ।

सम्भावना: नगरपालिकाको कार्यालय, शाखा तथा वडा कार्यालयहरूवाट वार्षिक करिव १८,००० वटा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित हुने अनुमान गरिएको छ । वर्तमान दर अनुसार प्रति सिफारिश वा प्रमाणित औषत रु १३७।५५ भएमा वार्षिक सिफारिश तथा प्रमाणित वाट रु २४,७६,०००।०० आय संकलन हुने सम्भावना रहेको देखिन्छ । जसमा सिफारिश दस्तुर रु. २२,००,०००, व्यक्तिगत घटना दस्तुर रु. १,१०,०००, नाता प्रमाणित दस्तुर रु. ५५,०००, अन्य दस्तुर रु. १,११,००० अनुमान गरिएको छ ।

सुधारका पक्षहरू:

- सिफारिश वा प्रमाणित गर्नुपूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाए सम्म सम्वन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडावाट संकलित दस्तुरंहरूको शिर्षक सहितको विवरण तयार गर्ने ।
- सम्पति कर बुझाएको छ छैन हेरी बुझाएको भए मात्र सिफारिस वा प्रमाणित गर्ने ।

छ) अन्य सेवा शुल्क (फोहरमैला व्यवस्थापन शुल्क)

हालको अवस्था: हाल नगरपालिकाले आर्थिक ऐनमा फोहरमैला व्यवस्थापन शुल्कको दर (सर सफाई शुल्कको रुपमा) निर्धारण गरेको छ । सरसफाई शुल्कलाई घरधनी (न्यूनतम रु. १५ देखि ५० सम्म) का आधारमा वर्गीकरण गरी वार्षिक रुपमा संकलन गर्ने व्यवस्था आर्थिक ऐनमा उल्लेख गरेको छ । नगरपालिकाले सरसफाई शुल्क निर्धारण गरेता पनि हाल सम्म राजश्व भने संकलन गर्न सकेको देखिदैन ।

सरसफाई शुल्क नगरपालिका बजार क्षेत्रमा (मासिक)

सि.नं.	विवरण		दर
क	तिन तले पक्की घरको प्रति महिना	रु.	५०।–
ख	दुई तले पक्की घरको प्रति महिना	रु.	३०।–
ग	एक तले पक्की घरको प्रति महिना	रु.	२५।–
घ	कच्ची घरको प्रति महिना	रु.	१५।–

सम्भावना: नगरपालिकाले तत्कालै आफ्ना मुख्य बजार क्षेत्रहरूमा प्रभावकारी फोहरमैला व्यस्थापन कार्यक्रम संगै शुल्क संकलन कार्‍य लागु गर्नु पर्ने देखिन्छ । तत्काल यस सम्बन्धी आवश्यक तथ्यांक लिई संकलन सुरु गरेमा यस आ.व.मा रु ८,२५,०००।०० राजश्व संकलन हुन सक्ने देखिन्छ ।

सुधारका पक्षहरू:

- हालको आर्थिक ऐनको ब्यवस्थालाई पुनरावलोकन गरी फोहरमैला ब्यवस्थापन शुल्कको दर उत्पादन हुने फोहरको प्रकार र परिमाणलाई मध्यनजर गर्दै परिमार्जन गर्ने ।

- मुख्य बजार क्षेत्रमा रहेका व्यवसायी, संघ संस्था तथा घरधुरीहरूको लगत तयार गर्ने ।
- यस्तो शुल्क बेग्लै फोहोर मैला व्यवस्थापन शुल्क शिर्षक अन्तर्गत् संकलन गर्ने ।

छ) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय :

हालको अवस्था: आ˙नो स्वामित्वमा रहेका घर, भवन तथा मेसीन औजार आदी बहालमा लगाई सो बापत बहाल रकम संकलन गर्न सक्ने प्रावधान रहेको छ । सो अनुरुप यस नगरपालिकाले देहाय बमोजिको दुई किसकको बहाल रकम संकलन गरिरहेको छ :

भवन (कोठा) बहाल बापत : नगरपालिकाले देहाय बमोजिमका भवनका कोठाहरु बहालमा लगाएको छ ।

क्र.सं.	भवन विवरण	कोठा संख्या	कैफियत
१	पसल भवन क तर्फ	५	झलारी वडा नं १०
	पसल भवन ख तर्फ	९	झलारी वडा नं १०
	पसल भवन ग तर्फ	७	पिपलाडी वडा न ४
	पसल भवन घ तर्फ	६	पिपलाडी वडा न ४
	जम्मा	२७	

मेसिन औजार बहाल बापत : नगरपालिकाले आ˙नो स्वामित्वमा रहेका व्याक्हो लोडर १ र टिप्पर २ बहालमा लगाई आय आर्जन गर्न सक्ने देखिन्छ ।

सम्भावना: नगरपालिकाको स्वामित्वमा भएका सम्पत्तिहरूको बहालबाट निम्न अनुसार आम्दानी गर्न सक्ने देखिन्छ ।

तालिका ६ : सम्पतिको बहालबाट प्राप्त हुन सक्ने आयको सम्भाव्ष्ता विवरण

सि.नं	सटर र्सख्या	दर	कुल जम्मा
१	झलारी वडा नं १०-सटर संख्या १४	२७५०	४६२०००
२	पिपलाडी वडा न ४-सटर संख्या १३	१५००	२३४०००
	जम्मा		६९६०००

सुधारका पक्षहरू:

- भवनका सबै कोठा बहालमा जान नसक्नुका कारण पहिचान गरी सबै भवनहरुलाई प्रभावकारी रुपमा परिचालन गरी बहालमा लगाउने ।
- भवन, कोठा तथा टहराको भाडा दर पुनरावलोकन गरी बजारको चलनचल्तिको बहाल रकमसंग मेल खाने गरी परिमार्जन गर्ने ।
- बहाल संकलन सम्बन्धी व्यवस्था तथा औजार संचालन सम्बन्धीका कार्यविधि अनुरुपका शर्तहरू पालाना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने ।
- शर्तहरु नमानेमा हुन सक्ने दण्ड सजायको व्यवस्था समेत उल्लेख गर्ने ।
- बहाल संकलनको दर निर्धारण गरी आर्थिक ऐनमा उल्लेख गर्नुपर्ने ।

परिच्छेद चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदमा नगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई संक्षिप्त रुपमा व्याख्या गरिएको छ । यसबाट नगरपालिकाको आय संकलनको लागि संस्थागत क्षमता सुधारका लागि गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

४.१ राजस्व परिचालन सम्बन्धी नीति

नगरपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार नगरपालिका उपप्रमुखको संयोजकत्वमा राजस्व सम्बन्धी विषयमा परामर्शका लागि छ सदस्यीय स्थानीय राजस्व परामर्श समिति गठन गरिएको छ ।

तालिका ७: राजस्व परामर्श समिति

क्र.सं.	समितिका व्यक्तिहरु (पद)	समितिमा जिम्मेवारी
१	उपप्रमुख	संयोजक
२	प्रमुख प्रशासकीय अधिकृत	प्रमुख प्रशाकीय अधिकृत (सदस्य)
३	कार्यपालिका सदस्य	सदस्य
४	कार्यपालिका सदस्य	सदस्य
५	उ.वा.संघ प्रतिनिधि	सदस्य
६	राजस्व अधिकृत	सदस्य सचिव

यस समितिले समय समयमा बैठक गर्ने तथा राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने, राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी नगरपालिकामा सिफारिश गर्ने लगायत समितिका काम, कर्तव्य र अधिकार क्षेत्रभित्रका कामहरू गर्दै आएको छ ।

नगरपालिकाको राजस्व सम्बन्धी नीति अनुसार चालु आ.व. २०७८।७९ मा समेत सम्पत्ति कर लगाउने प्रावधान राखिएको भए पनि संघीय आर्थिक ऐन, २०७५ बाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको संशोधनले नगरपालिकाले सम्पत्ति कर र भूमिकर (मालपोत) छुट्टा छुट्टै लिनुपर्ने व्यवस्था गरेको

छ । यसै व्यवस्थाको आधारमा नगरपालिकाले आर्थिक ऐन, २०७८ मा आवश्यक व्यवस्था गरी सम्पत्ति कर नै संकलन गरी रहेको छ ।

४.२. आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

नगरपालिकाको राजस्व संकलन सम्बन्धी संस्थागत व्यवस्था देहाय अनुसार रहेको छ :

- नगरपालिकामा राजस्व परामर्श समितिले आवश्यकता अनुसार बैठक गर्ने, करका दर, दायरा सम्बन्धमा शीर्षकगत छलफल गरी स्वीकृतिका लागि नगरसभामा पेश गर्ने गरेको छ ।
- नगरपालिकामा दरबन्दी तेरिज रहेको छ, संगठन संरचना तयार भई स्वीकृत भैसकेको छ ।
- राजस्व शाखामा दुई जना कम्प्युटर अपरेटर र एक जना कार्यालय सहयोगी गरी कुल तीनजना कर्मचारी कार्यरत रहेका छन् ।
- वडा कार्यालयहरुमा वडा सचिव, कार्यालय सहायक सहित सामान्यतया दुई जना कर्मचारी कार्यरत रहेका छन् ।
- नगर कार्यपालिकाको कार्यालय सहित सबै वडा कार्यालयमा कम्प्युटर, इन्भर्टर सहित राजस्व स ंटवेयरको व्यवस्था रहेको छ । ३,४,६,७,८,१० र १२ नं वडा कार्यालयबाट कम्प्युटर स ंटवेयरमा आधारित बिलिङ गर्ने गरेको छ ।
- कर संकलन र व्यवस्थापन प्रभावकारी बनाउन नगरपालिकाले निम्न ए ेन तथा कार्यविधि तर्जुमा गरि कार्यान्वयनमा ल्याएको छ :
    - आर्थिक ऐन २०७८
    - सम्पत्ति कर व्यवस्थापन कार्यविधि २०७७
    - "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५
    - व्यवसाय दर्ता कार्याविधि २०७७
    - सं ंस्था दर्ता तथा नविकरण कार्यविधि २०७७ ।
- राजस्व संकलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि आवश्यकता अनुसार तालिम तथा अभिमुखीकरणको कमी रहेको देखिन्छ ।

स्थानीय तहको राजस्व प्रशासन र व्यबस्थापन सम्बन्धी विषयमा विशिष्ठीकृत तालिम, अध्ययन, अवलोकन भ्रमण लगायत क्षमता विकासका कृयाकलापहरु भने हुन सकेको देखिदैन ।

४.३ नगरपालिकाको आन्तरिक आय परिचालन :

नगरपालिकाले विगत चार आर्थिक वर्षमा संकलन गरेको यथार्थ आय र सोको बृद्धि दर देहाय अनुसार रहेको छ ।

तालिका ८: विगत चार आर्थिक वर्षमा आन्तरिक आय संकलनको अवस्था र औसत बृद्धि दर

शीर्षक	राजस्व शीर्षक	गत आ.व.२०७४/७५ देखि २०७७/७८ सम्मको रू. हजारमा				औसत वृदि दर प्रतिशत
		परिचालनको अवस्था				
		२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	

शीर्षक	राजस्व शीर्षक	गत आ.व.२०७४/७५ देखि २०७७/७८ सम्मको रु. हजारमा				औसत वृदि दर प्रतिशत
		परिचालनको अवस्था				
		२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	
११३१३	सम्पति कर	०	३८०४	७८२	२००९	-२७%
११३१४	मालपोत (भूमिकर)	४२८७	०	२७९६	३५१४	-६%
११३१५	घर जग्गा रजिष्टेसन शुल्क				४६८६	१००%
११३२१	घर जग्गा बहाल कर	०	३८५	६९४	९५१	५७%
११३२२	बहाल विटौरी कर	०	१४५५	१९७	५२२३	८९%
११४५१	सवारी साधन कर	०	१३	५१	०	-९१%
११४७०	मनोरञ्जन कर	०	०	०	०	०%
११४७२	विज्ञापन कर	०	०	७६	०	-१००%
११६११	अन्य कर	३०३	३२४२	३६६२	१३५	१%
११६१३	व्यवसाय रजिष्टेसन कर (व्यवसाय नवीकरण दस्तुर)	०	५२२	३२१	१२९७	५८%
११६१३	रेडियो, एफ.एम संचालन दस्तुर	०	०	०	०	०%
१४१५१	सरकारी सम्पति बहालबाट प्राप्त	०	८०	६३	२३८	७२%
१४१७१	प्राकृतिक श्रोत रोयल्टी	०	०	०	५१८	-७%
१४१७७	घर जग्गा रजिष्टेसन	०	५३८४	११२२	०	-१००%
१४२१३	अन्य बिक्री	११७१	१०५३	७५८	०	-१००%
१४२१९	अन्य सेवा शुल्क तथा बिक्री (सरसफाइ, पार्क, भ्युटाबर शुल्क)	७५१	०	११६२	८२२	३०%
१४२२४	परीक्षा शुल्क	०	०	४६	२१	-५५%
१४२२९	अन्य प्रशासनिक (व्यवसाय प्रमाण पत्र, नवीकरण, शैक्षिक प्रमाण पत्र)	०	४४१	१९४	४३५	-१%
१४२४१	पार्किङ शुल्क	०	०	०	०	०%
१४२४२	नक्सा पास	०	३२७	७१०	८८५	६५%
१४२४३	सिफारिस	२६६०	१६४७	१८१९	५३९७	१२%

शीर्षक	राजस्व शीर्षक	गत आ.व.२०७४/७५ देखि २०७७/७८ सम्मको रु. हजारमा				औसत वृदि दर प्रतिशत
		परिचालनको अवस्था				
		२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	
१४२४४	व्यक्तिगत घटना दस्तुर	१२१	१६९	९४	२३६	२५%
१४२४५	नाता प्रमाणित	०	२५	२	५	-५४%
१४५२९	अन्य राजस्व				२५२	१००%
१५१११	बेरुजू	०	०	०	११६५	१००%
	कुल	**९२९३**	**१८५४७**	**१४५४९**	**२७७९०**	४८%

४.४. राजस्व परिचालनमा रहेका सवालहरू :

यस नगरपालिकाले राजस्व अधिकार क्षेत्रभित्रका धेरैजसो सम्भावनाहरु उपयोगमा ल्याएको भएता पनि अन्य कतिपय शीर्षकहरुमा राजस्व संकलन गर्न बाँकी रहेको छ । समग्रमा यस नगरको राजस्व परिचालनको क्षेत्रमा निम्नअनुसारका प्रमुख सवालहरु विद्यमान रहेको देखिन्छ :

क. राजस्व प्रशासनका लागि उपयुक्त संगठन निर्माण तथा क्षमता विकास :

राजस्व संकलनलाई प्रभावकारी तथा पारदर्शी बनाउन राजस्व संकलन सम्बन्धी छुट्टै कार्यविधिहरू, आवश्यक जनशक्ति, कार्यस्थल तथा आवश्यक उपकरण सहितको कार्यवातावरण हुनु आवश्यक छ । वडास्तरमा केही वडाहरुमा ईन्टरनेट नभएको कारण राजस्व स`टवेयर भएर पनि हाते बिल प्रयोग गर्ने गरिएको छ । राजस्व शाखाका लागि पर्याप्त स्थानको कमी रहेको देखिन्छ । राजस्व शाखामा तीन जना कर्मचारी कार्यरत छन् । वडा कार्यालयहरुको हकमा एकजना वडा सचिव र एकजना सहायक कर्मचारी कार्यरत रहेको देखिन्छ । कार्यबोझका आधारमा कर्मचारी कम रहेको देखिन्छ ।

ख. तथ्यांक संकलन तथा नियमित अद्यावधिकरणको पद्धति स्थापना : हाल नगरपालिकामा सम्पत्ति कर, भूमि कर (मालपोत), व्यवसाय कर तथा अन्य कर र गैरकर राजश्व बुझाउने करदाताको संख्या के कति छ भन्ने यकीन तथ्यांक छैन । एकातिर बिलिङ पद्धतिलाई पूर्णरुपमा कम्प्युटरमा आधारित बनाउनुपर्ने देखिन्छ भने अर्कातिर सबै करदाताको लगत संकलन गर्नुपर्ने आवश्यकता रहेको छ । पूर्णरुपमा कम्प्युटरमा आधारित बिलिङ गर्ने परिपाटी भए मात्र कुन शीर्षकमा कर तिर्ने कति करदाता छन् भन्ने यकीन साथ तुरुन्त भन्न सकिने स्थिति रहन्छ र करदाताको लगत संकलन पश्चात् करको दायरामा आउन बाँकी करदाताको संख्याका बारेमा पनि आँकलन गर्न सकिन्छ ।

ग. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि : नगरपालिकाले आय परिचालन सम्बन्धी सम्पत्ति व्यवस्थापन, घरबहाल, नदीजन्य पदार्थ संकलन तथा विकी बाहेक अन्य क्षेत्रहरुमा समेत कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्वन्धी ब्यवस्था, अनुगमन जस्ता विषय वस्तु पर्दछन् ।

घ. राजस्वका दर निर्धारण तथा प्रचार प्रसार : नगरपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व संकलनका लागि दर निर्धारण गर्दा सरोकारवाला व्यक्ति तथा संघ संस्थाहरुसँग पर्याप्त छलफल गर्ने र सभाबाट स्वीकृत भएको करलाई जनस्तरसम्म प्रचार प्रसार गर्न आवश्यक हुन्छ । नगरपालिकाले करदातालाई तिर्नुपर्ने कर रकम सम्बन्धी जानकारी उपलब्ध गराउन अग्रिम सूचना सम्प्रेषण गर्ने विधिको उपयोगसँगै करदाता शिक्षामा पनि पर्याप्त ध्यान दिन सकेको छैन । यसका अतिरिक्त राजस्व प्रशासनमा दण्ड र पुरस्कारको नीतिलाई प्रभावकारी रुपमा अवलम्बन गनर्' पर्ने आवश्यकता छ ।

ङ. समन्वय संयन्त्र : राजस्व परिचालन सम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा बाह्य निकायहरूसँग प्रभावकारी समन्वयको खाँचो देखिन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई प्रभावकारी बनाउन आवश्यक हुन्छ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वयको खाँचो देखिन्छ ।

च. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता :आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । नगरपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडिया मार्फत् राजस्व र खर्चको विवरण बारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रयासहरू हुन सक्दछन् ।

परिच्छेद पाँच : राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको नगरपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई नगरपालिकाले कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिइएको छ ।

५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना :

नगरपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका सन्दर्भमा सर्वप्रथम प्रारम्भिक छलफल सञ्चालन गरिएको थियो । नगरपालिका क्षेत्रीय शहरी विकास आयोजना संस्थागत विकास परामर्शदाता निकायको सहजीकरणमा सम्पन्न उक्त छलफलमा नगरपालिकाका राजश्व परामर्श समितिका पदाधिकारीहरु र राजश्व शाखाका कर्मचारी लगायतका व्यक्तिहरूको सहभागिता रहेको थियो । उक्त छलफलमा नगरपालिकामा राजश्व संकलनको सम्भाव्यता,समस्या र आगामी दिनमा कसरी राजश्व संकलनमा सुधार गर्न सकिन्छ सो विषयमा छलफल भएको थियो । उक्त छलफलबाट नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको तल उल्लेखित मस्यौदा तयार गरिएको छ । यस कार्ययोजनाका क्रियाकलापहरूलाई बृहत् रुपमा निम्न तीन क्षेत्रमा विभाजन गरिएको छ :

क. कर राजस्व सुधार योजना

ख. गैरकर राजस्व सुधार योजना

ग. राजस्व प्रशासन सुधार योजना

क. कर राजस्व सुधार योजना

कर राजस्व सुधार योजना अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेबमोजिम करका दर र दायरा वृद्धि गर्न नगरपालिकाका पदाधिकारीहरूसँग छलफल गरी निम्नानुसार गर्ने गरी प्रस्ताव गरिएको छ :

तालिका ९: कर राजस्व सुधार कार्य योजना

कर राजस्वका शिर्षकहरु		सुधारका लागि गर्नु पर्ने कार्यहरू	समयावधि	जिम्मेवार निकाय
भूमिकर/मालपोत	- - - -	मालपोत कार्यालयबाट जग्गाको अभिलेख प्राप्त गर्ने, वडा गत रूपमा सम्पूर्ण जग्गाको अभिलेख राख्ने र नियमित अद्यावधिक गर्ने जग्गाको पुन वर्गीकरण गरी मूल्यांकनको आधार वैज्ञानिक बनाउने, जग्गाको मूल्यको आधारमा मालपोत तथा भूमिकरको दर निर्धारण गर्ने विद्यमान कानुन अनुरूप मालपोत संकलन गर्ने ।	आ.व. २०७८।७९ देखि निरन्तर	राजस्व शाखा राजस्व परामर्श समिति, राजस्व शाखा राजस्व परामर्श समिति, नगर सभा वडा कार्यालय
सम्पत्ति कर	-	कर दाता एकिन गरी करदाताको अभिलेख अनुसार सम्पत्ति करदाताको पहिचान गर्ने ।	आ.व. २०७८।७९ देखि निरन्तर	राजस्व शाखा
	-	सम्पत्ति कर व्यवस्थापन कार्यविधि तयार गर्ने		राजस्व शाखा,

कर राजस्वका शिर्षकहरु		सुधारका लागि गर्नु पर्ने कार्यहरू	समयावधि	जिम्मेवार निकाय
	- - -	सम्पत्ति करको दर (संरचना र सोले चर्चेको जग्गा मात्रको मुल्यांकन गरी) निर्धारण गरी आर्थिक ऐनमा व्यवस्था गर्ने सम्पत्ति कर सम्बन्धी जन चेतना शिविर सञ्चालन गर्ने मालपोत र सम्पत्ति कर एकै पटक लीन सकिने भनी आर्थिक ऐनमा उल्लेख गर्ने	आ.व. २०७८।७९ देखि निरन्तर	कार्यपालिका राजस्व परामर्श समिति, नगर सभा राजस्व शाखा, वडा कार्यालय
सवारी कर	- -	रिक्सा, अटो रिक्सा, ई रिक्साको दर्ता तथा इजाजत कार्यविधि तर्जुमा गर्ने । रिक्सा, अटो रिक्सा, ई रिक्सा बाहेकमा वार्षिक सवारी कर नलगाई पटके कर लाग्ने व्यवस्था गर्ने । नगर क्षेत्रमा गुड्ने रिक्सा, अटो रिक्सा तथा ई रिक्साहरूको दर्ता तथा नवीकरण दस्तुर निर्धारण गरी सवारीहरू दर्ता गर्ने ।	आ.व. २०७८।७९ देखि निरन्तर	राजस्व परामर्श समिति र नगर कार्यपालिका राजस्व परामर्श समिति र नगर कार्यपालिका प्राविधिक शाखा तथा राजस्व शाखा
घरजग्गा बहाल कर	- - -	घरजग्गा बहाल कर असुली व्यवस्थालाई आर्थिक ऐनमा स्पष्ट व्यवस्था गर्ने । संरचनाको प्रकार र स्थानको आधारमा न्यूनतम बहाल मूल्य निर्धारण गर्ने । घरजग्गा बहाल करको दर पुनरावलोकन गरी आर्थिक ऐनमा समावेश गर्ने । सम्पत्तिको अभिलेखमा बहालमा भएका घरजग्गाको लगत अद्यावधिक गरी घरजग्गा बहाल कर रकम निर्धारण तथा असुल गर्ने । नयाँ दर्ता तथा नवीकरणका लागि शिविर सञ्चालन गर्ने	आ.व. २०७८।७९ देखि निरन्तर	राजस्व परामर्श समिति, नगर सभा, राजस्व शाखा राजस्व शाखा, वडा कार्यालयहरू
कवाडी कर	- -	ठेक्का प्रक्रियाबाट राजस्व संकलन गर्ने कवाडी संकलन केन्द्र व्यवस्थित गर्ने	आ.व. २०७८।७९ देखि निरन्तर	राजस्व शाखा
विज्ञापन कर	- - -	नगरपालिकामा विद्यमान विज्ञापन सामग्री र सम्बन्धित विषयमा अध्ययन गर्ने विज्ञापन कर व्यवस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने कार्यविधि तर्जुमा गर्दा विज्ञापन सामग्रीको आकारका अतिरिक्त विज्ञापनका विषयवस्तुलाई पनि वर्गीकृत गर्ने	आ.व. २०७८।७९ देखि निरन्तर	राजस्व शाखा

कर राजस्वका शिर्षकहरु		सुधारका लागि गर्नु पर्ने कार्यहरू	समयावधि	जिम्मेवार निकाय
	-	विज्ञापन करको अनुगमनलाई प्रभावकारी बनाई सबै विज्ञापन करको दायरामा आउने विषय सुनिश्चित गर्ने		
व्यवसाय कर	-	करदाता सचेतनमा अभियान संचालन गरी करको दायरामा नआएका कर दातालाई करको दायरामा ल्याउने	२०७८।७९ देखि निरन्तर	राजस्व शाखा राजस्व परामर्श समिति

गैरकर राजस्व सुधार योजना

गैरकर राजस्व सुधार योजना अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेबमोजिम राजस्वका दर र दायरा वृद्धि गर्न नगरपालिका पदाधिकारीहरूसँग छलफल गरी निम्नानुसार गर्ने गरी प्रस्ताव गरिएको छ :

गैरकर राजस्वका शीर्षक		सुधारका लागि गर्नुपर्ने कार्य	सयमावधि	जिम्मेवार निकाय
ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य पदार्थको बिक्री	- - - - -	बिक्री दर परिमार्जन गरी आर्थिक ऐनमा उल्लेख गर्ने ठेक्कामा उल्लेख भएको शर्त नमानेमा हुन सक्ने कारबाही र दण्ड सजायको व्यवस्था आर्थिक ऐनमा उल्लेख गर्ने प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिमको परिमाणमा ठेक्का आव्हान गन,र्े नदीजन्य पदार्थको व्यवस्थित उत्खनन तथा बिक्रीका लागि अनुगमन समिति गठन गर्ने अन्य नगरपालिकासंग सिमा जोडिएको क्षेत्रमा आउने समस्या सामाधानका लागि अन्य निकाय प्रदेश सरकार, जिसस, सिमा जोडिएको स्थानीय तह, संग समन्वय गर्ने अनुगमनलाई नियमित र प्रभावकारी बनाई प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले सिफारिश गरेको परिमाण तथा प्रावधानहरुको पालना सुनिश्चित गर्ने	२०७८।७९ देखि निरन्तर	राजस्व परामर्श समिति, नगर सभा प्रमुख प्रशासकिय अधिकृत, राजस्व शाखा नगर कार्यपालिका नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, अनुगमन समिति
वन पैदावार	- - -	सामुदायिक वन पैदावर बिक्रीबाट प्राप्त हुने रकमको १० प्रतिशत रकम नगरपालिकामा जम्मा हुने व्यवस्था आर्थिक ऐनमा उल्लेख गर्ने । सामुदायिक वन तथा उपभोक्ता समुह संग समन्वय गरी बिक्री सम्बन्धी तथ्यांक संकलन र अद्यावधिक गर्ने सामुदायिक वनको वन पैदावार बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित शीर्षकमा दाखिला गरी नगरपालिकाको राजश्व कोषमा जम्मा गर्ने	२०७८।७९ देखि निरन्तर	राजस्व परामर्श समिति, नगर सभा राजस्व शाखा
नक्सापास दस्तुर	- -	भवनहरुलाई आवासाीय, व्यवसायिक तथा औद्योगिक गरी वर्गीकरण गर्ने वर्गीकरण अनुसार दर निर्धारणका लागि आर्थिक ऐन संशोधन गर्ने		नक्सा शाखा, वडा कार्यालय

गैरकर राजस्वका शीर्षक	सुधारका लागि गर्नुपर्ने कार्य	सयमावधि	जिम्मेवार निकाय
	- सेवामूलक संरचनालाई छुट दिने		
बहाल बिटौरी शुल्क	- वहाल विटौरी शुल्कको क्षेत्राधिकार भित्र ऐलानी वा पर्ति जग्गामा वनेका संरचनाहरूलाई समेत समावेश गर्ने गरी शुल्क दर आर्थिक ऐनमा ब्यवस्था गर्ने । - ऐलानी वा पर्ति जग्गामा वनेका संरचनाहरूको अभिलेख राखी वहाल विटौरी शुल्कको अभिलेख राख्ने । - हालसम्म दर्ता कायम नभएका ऐलानी जग्गाको अभिलेख राखी वहाल विटौरी शुल्क लिन सक्ने सम्भावनाको अध्ययन गरी जग्गाको उपभोग गरे वापत वहाल विटौरी शुल्कको दर निर्धारण गरी असुल गर्ने । - हाटवजार तथा सार्वजनिक जग्गा उपयोग वापत विटौरी शुल्कको दरलाई पुनरावलोकन गर्ने ।	२०७८।७९ देखि निरन्तर	राजस्व परामर्श समिती, नगर कार्यपालिका राजस्व शाखा, वडा कार्यालय राजस्व परामर्श समिती, नगर कार्यपालिका राजस्व परामर्श समिती, नगर कार्यपालिका
सेवा शुल्क	- सेवा शुल्क लिन सकिने क्षेत्रहरु (अतिथि गृह, सभाहल, औद्योगिक क्षेत्र, बसपार्क, हाटबजार तथा सार्वजनिक जग्गाको लिज, कृषि उपज संकलन केन्द्र, कोल्ड स्टोर, र अन्य) पहिचान गर्ने पहिचान भएका आयोजनामध्ये स्वलगानीमा सञ्चालन गर्ने - आयोजनाहरुको संभाव्यता अध्ययन गर्ने - सार्वजनिक निजी साझेदारीमा सम्पन्न गर्न सकिने आयोजना छनौट गरी कार्यान्वयन प्रकृया अघि बढाउने - नगरपालिकाले उपलब्ध गराउने सेवा शुल्कको दरमा समसामयिक परिमार्जन गर्ने	२०७८।७९ देखि निरन्तर	योजना शाखा, कार्यपालिका, राजस्व परामर्श समिति
दर्ता, अनुमति तथा नवीकरण दस्तुर	- विद्यालय स्थापना, घ वर्गको ठेक्का इजाजत, एफ.एम. रेडियो संचालन, स्थानीयस्तरमा व्यापारिक फर्म आदिको दर्ता गर्ने कार्यविधि तर्जुमा गर्ने र दर्ता तथा नवीकरण दस्तुरको दर आर्थिक ऐनमा समावेश गर्ने ।	२०७८।७९ देखि निरन्तर	राजस्व परामर्श समिति, नगर कार्यपालिका
सिफारिश तथा प्रमाणित दस्तुर	- सिफारिश तथा अन्य सेवा शुल्कको दर पुनरावलोक गरी आवश्यकता अनुसार परिमार्जन गर्ने ।	२०७८।७९ देखि निरन्तर	राजस्व परामर्श समिति, नगर कार्यपालिका

राजस्व प्रशासन सुधार योजना

समग्र राजस्व परिचालनलाई प्रभावकारी बनाउन के गर्न सकिन्छ भनी सहभागितामूलक रुपमा छलफल गरी प्राप्त भएका बुँदाहरूका आधारमा यहाँ राजस्व प्रशासन सुधार योजना तर्जुमा गरिएको छ, जुन देहायअनुसार रहेको छ:

सुधारका क्षेत्र	राजस्व प्रशासनमा सुधारका लागि गर्नुपर्ने कार्य	समयावधि	जिम्मेवारी
नीतिगत व्यवस्था	– वार्षिक रुपमा आर्थिक ऐनको पुनरावलोकन गर्ने र व्यवहारिक नदेखिएका प्रावधानहरुलाई वार्षिक रुपमा परिमार्जन गदै जाने – प्रगतिशील करको दर, मूल्य र महत्वको आधारमा करको निर्धारण, समयानुकूल करको दरमा परिमार्जन गर्ने	वार्षिक रुपमा निरन्तर	राजस्व शाखा राजस्व परामर्श समिति
सांगठनिक स्वरुप	राजस्व सम्बन्धी कामको चाप र आवश्यकता अनुसार वडा कार्यालयदेखि नगरपालिका कार्यालयमा कर्मचारीको कार्य विभाजन गरी जिम्मेवारी दिने	२०७९ असार मसान्त सम्म	प्रमुख प्रशासकीय अधिकृत
भौतिक पूर्वाधार तथा संरचना	सेवाग्राहीमैत्री भौतिक संरचना तयारी : – पहिले आउनेलाई पहिलो सेवा, - पत्रपत्रिकाबाट सूचना प्रवाह, - टेण्डर, विज्ञापन लगायतका सूचनाहरु छापा तथा विद्युतीय लगायतका प्रभावकारी तथा सान्दर्भिक माध्यमबाट प्रसार गर्ने	२०७९असार मसान्त सम्म	नगर कार्यपालिका
राजस्व असुलीमा पारदर्शिता तथा जवाफदेहिता	- मोबाइल एपको व्यवस्था र नियमित अद्यावधिक गर्ने - हरेक वर्ष समयानुकूल करदरमा अद्यावधिक गर्ने	निरन्तर	सूचना प्रविधि शाखा, राजस्व शाखा, वडा कार्यालय
करदाताको पहिचान	- वर्गीकृत करदाता तथ्यांक संकलन - प्रत्येक परिवारको सम्पतिको लगत संकलन	निरन्तर	राजश्व शाखा आर्थिक शाखा वडा कार्यालय
राजस्व असुली रणनीति	- विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि चेतनामूलक प्रचार प्रसार गर्ने - करदातालाई उस/उनले तिर्ने करबारे एसएमएस लगायतका प्रभावकारी माध्यमबाट जानकारी गराउने - कर नीतिमा दण्डात्मक र उत्प्रेरणामूलक दुवै सिद्धान्तको सन्तुलित प्रयोग गर्ने । जस्तै, ढिलो कर तिर्नेलाई विलम्ब शुल्क लगायत दण्डको व्यवस्था र नियमित तथा बढी कर तिर्ने करदातालाई पुरस्कारको व्यवस्था गर्ने - कर उठाउने टोली खटाई व्यवसाय दर्ता, नवीकरण गर्ने	२०७८।७९ देखि निरन्तर	राजस्व परामर्श समिति
करदाताको अभिलेख	– विद्युतीय प्रविधिको प्रयोगबाट सबै प्रकारका करदाताको अभिलेख राख्ने र अद्यावधिक गर्दै जाने	नियमित, वार्षिक रुपमा निरन्तर	राजस्व शाखा, वडा कार्यालयहरु
राजस्व चुहावट नियन्त्रण	- करदाताको अभिलेख वार्षिक रुपमा अद्यावधिक गर्ने - करदाता पहिचान तथा निरीक्षण गरी चुहावट भए नभएको यकीन गर्ने - चुहावट भएकोमा जरिवाना सहित असुल गर्ने	निरन्तर	टोल विकास समिति, वडा कार्यालय, न.पा. कार्यापालिका
अनुगमन मूल्यांकन	– सम्बन्धित शाखा, समितिले वडादेखि नगरपालिकाको सबै शाखा तथा सम्पूर्ण सरोकारवाला निकायमा स्थलगत निरीक्षण गर्ने, करको महत्व बुझाउने, सुझाव संकलन गर्ने	हरेक आ.व.को अन्तिम चौमासिक (निरन्तर)	राजस्व अनुगमन समिति

सुधारका क्षेत्र	राजस्व प्रशासनमा सुधारका लागि गर्नुपर्ने कार्य	समयावधि	जिम्मेवारी
आन्तरिक लेखा परीक्षण	– चालु आ.व.मा भए गरेका राजश्व असुलीको आन्तरिक एवम ्अन्तिम लेखा परीक्षण गराउने – आर्थिक प्रतिवेदन तयार गर्ने	आगामी आ.व.को प्रथम चौमासिक (निरन्तर)	प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा, आलेप शाखा

परिच्छेद छ : आगामी पाच वर्षको आय प्रक्षेपण

मूलत: विगत चार वर्षको यथार्थ आय तथा नगरपालिकाको राजस्व अधिकार र हालको आय संकलन अवस्थाको आधारमा यस परिच्छेदमा नगरपालिकाको आगामी पा''च वर्षको आय प्रक्षेपण गरिएको छ । महालेखा परिक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको छ ।

यसले नगरपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्ने विश्वास लिइएको छ ।

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण :

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी पा"च वर्ष (आ.व. २०७९।८० देखि २०८३।८४) को लागि आय प्रक्षेपण गरिएको छ । यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ । धेरैजसो शिर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्यांकमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसै गरी केही शिर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ ।

तालिका १०: आगामी आ.व.हरूका लागि राजश्व प्रक्षेपणका आधारहरू

राजश्व संकेत	राजश्व शिर्षक	कुल सम्भाव्य आय	आगामी आ.व.को लागि प्रक्षेपण रु हजारमा	
			प्रक्षेपणको आधार	प्रक्षेपित रकम
क	आन्तरिक आय तर्फ			
११३१३	सम्पत्ति कर	१७७२	कुल सम्भावनाको ६१।१० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढदै जाने	६७२
११३१४	भूमी कर (मालपोत)	८८५८	कुल सम्भावनाको ६१।०५प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढदै जाने	३३५८
११३२१	घर बहाल कर	५३६	कुल सम्भावनाको ६१।००प्रतिशत र त्यसपछिका आ.व.मा ११ प्रतिशतले बढदै जाने	२०३
११३२२	बहाल विटौरी शुल्क	१७७२	कुल सम्भावनाको ६२।१०प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढदै जाने	६७२
११४५१	सवारी साधन कर	९०३	कुल सम्भावनाको ६१।०७ प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढदै जाने	३४२
११४७२	विज्ञापन कर	८९	कुल सम्भावनाको ६१।८० प्रतिशत (४० प्रतिशत प्रदेशसंग बाँडफाँड हुने) र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढदै जाने	३४
११४७९	मनोरंजन कर	१६	कुल सम्भावनाको ६०।० प्रतिशत (४० प्रतिशत प्रदेशसंग बाँडफाँड हुने) र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढदै जाने	६
११६११	व्यवसाय रजिष्ट्रेशन दस्तुर	४२२०	कुल सम्भावनाको ६१।०७ प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढदै जाने	१६००
११६९१	अन्य कर	२३२४	कुल सम्भावनाको ६१।०५ प्रतिशत र त्यसपछिका आ.व.मा ११ प्रतिशतले बढदै जाने	८८१
१४१५१	सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय	५३१	कुल सम्भावनाको ६०।९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढदै जाने	२०१
१४२१२	सरकारी सम्पत्ती विक्रीबाट प्राप्त रकम			
१४२१३	अन्य विक्रीबाट प्राप्त रकम	१७७२	कुल सम्भावनाको ६१।१० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढदै जाने	६७२
	स्लेट, ढंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री			
	सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त हुने आय			
१४२१९	अन्य सेवा शुल्क तथा विकी	१३२९	कुल सम्भावनाको ६१।१०प्रतिशत र त्यसपछिका	५०४

राजश्व संकेत	राजश्व शिर्षक	कुल सम्भाव्य आय	आगामी आ.व.को लागि प्रक्षेपण रु हजारमा	
			प्रक्षेपणको आधार	प्रक्षेपित रकम
			आ.व.मा १० प्रतिशतले बढदै जाने	
	फोहर मैला व्यवस्थापन शुल्क			
१४२२४	परीक्षा शुल्क	८९	कुल सम्भावनाको ६१।८१प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढदै जाने	३४
१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	१७९	कुल सम्भावनाको ६१।२६प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढदै जाने	६८
१४२४२	नक्सापास दस्तुर	९२६	कुल सम्भावनाको ६१।०४ प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढदै जाने	३५१
१४२४३	सिफारिश दस्तुर	३५४३	कुल सम्भावनाको ६१।०५प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढदै जाने	१३४३
१४२४४	ब्यक्तिगत घटना दर्ता दस्तुर	१७७	कुल सम्भावनाको ६०।९०प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढदै जाने	६७
१४२४५	नाता प्रमाणित दस्तुर	८९	कुल सम्भावनाको ६१।८२ प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढदै जाने	३४
१४२४९	अन्य दस्तुर			
१४३११	न्यायिक दण्ड, जरिवाना र जफत			
१४३१२	प्रशासनिक दण्ड, जरिवाना र जफत			
१४५२२	साना सवारी कर			
१४५२९	अन्य राजश्व (विविध आय)			
१५१११	बेरुजु	३२२	कुल सम्भावनाको ६१।० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढदै जाने	१२२
ख	राजस्व बाँडफाँड तर्फ			
१४४११	बाँडफाँड भई प्राप्त हुने मु.अ.कर	१६७८६३	कुल सम्भावनाको ६१।०५प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढदै जाने	६३६३३
१४४२१	बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क			
१४१७१	वन रोयल्टी		हालसम्म प्राप्त नभएको तथा अनुमान गर्ने आधार समेत नभएको	
राजश्व संकेत	राजश्व शिर्षक	कूल सम्भाव्य आय	आगामी आ.व.को लागि प्रक्षेपण	
			प्रक्षेपणको आधार	प्रक्षेपित रकम
१४१७१	प्राकतिक स्रोत रोयल्टी	१०२४	कुल सम्भावनाको ६१।०प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढदै जाने	१०२४
१४१७२	खानी रोयल्टी			
१४१७३	जलस्रोत रोयल्टी			
१४१७४	पर्वतारोहण रोयल्टी			
१४१७५	पदयात्रा रोयल्टी			

राजश्व संकेत	राजश्व शिर्षक	कुल सम्भाव्य आय	आगामी आ.व.को लागि प्रक्षेपण रु हजारमा	
			प्रक्षेपणको आधार	प्रक्षेपित रकम
१४१७६	पर्यटन सेवा शुल्क रोयल्टी			
१४१७७	घरजग्गा रजिष्ट्रेशन	१८३२	कुल सम्भावनाको ६१।०६प्रतिशत र त्यसपछीका आ.व.मा १० प्रतिशतले बढदै जाने	४८३२
१४१७८	सवारी साधन कर	७३८३	कुल सम्भावनाको ६१।०५प्रतिशत र त्यसपछीका आ.व.मा १० प्रतिशतले बढदै जाने	२७९९
१४१७९	अन्य बॉडफॉड हुने राजश्व			
ग	अनुदान तर्फ			
१३२१२	गैह्र सरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान			
१३३११	समानिकरण अनुदान	२४१०९३	कुल सम्भावनाको ६१।०५प्रतिशत र त्यसपछीका आ.व.मा १० प्रतिशतले बढदै जाने	९१३९३
१३३१२	शसर्त अनुदान	२२०००	कुल सम्भावनाको ६१।०५ प्रतिशत र त्यसपछीका आ.व.मा २७ प्रतिशतले बढदै जाने	१३४३१
१३३१३	विषेश अनुदान	२०००	कुल सम्भावनाको ४६।४० प्रतिशत र त्यसपछीका आ.व.मा १० प्रतिशतले बढदै जाने	९२८
१३३१४	समपुरक अनुदान	४२००	कुल सम्भावनाको ६१।०५प्रतिशत र त्यसपछीका आ.व.मा १० प्रतिशतले बढदै जाने	२५६४
१३३११	समानिकरण अनुदान (प्रदेश)	१७५१९		६६४१
१३३१२	शसर्त अनुदान (प्रदेश)	१८०८१		६८५४
१३३१३	विषेश अनुदान (प्रदेश)	८६९७		३२९७
१३३१४	समपुरक अनुदान (प्रदेश)	२४१५८		९१५८
१३३१५	अन्य अनुदान			
१३३२१	शसर्त पूँजीगत अनुदान			
१३३२२	विशेष पूँजीगत अनुदान			
	जम्मा राजश्व तथा अनुदान		-	

६.२ आगामी पाँच आर्थिक वर्षको आयको प्रक्षेपण

आय शिर्षकको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी नगरपालिकाको आगामी प“ाच वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । प्रक्षेपणको लागि राजस्व संकेत वर्तमानमा सिफारिश गरिएको लेखा कोडको आधारमा गरिएको छ । माथिका अध्यायहरूमा प्रस्ताव गरिए अनुसार ऐनले अधिकार दिए बमोजिम करका दायरा विस्तार गर्न सकेको खण्डमा निम्न तालिकामा दिए अनुसार नगरपालिकाको आय वृद्धि हुने देखिन्छ ।

तालिका ११: चालु आ.व.को प्रस्तावित अनूमान तथा आगामी पाँच आर्थिक वर्षको आय प्रक्षेपण

शिर्षक	राजश्व शिर्षक	प्रस्तावित खर्च चालु आ.व. २०७८।७९	प्रक्षेपित राजश्व –आगामी पाँच आ.व.कों					औसत बृदी दर प्रतिशत
			२०७९।८०	२०८०।८१	२०८१।८२	२०८२।८३	२०८३।८४	
११३१०	अचल सम्पतिमा लाग्ने कर	०	०	०	०	०	०	०%
११३१३	सम्पति कर	११००	१२१०	१३३१	१४६४	१६११	१७७२	१०%
११३१४	मालपोत (भुमिकर)	५५००	६०५०	६६५५	७३२१	८०५३	८८५८	१०%
११३२१	घर जग्गा वहाल कर	३३३	३६६	४०३	४४३	४८८	५३६	१०%
११३२२	वहाल विटौरी कर	११००	१२१०	१३३१	१४६४	१६११	१७७२	१०%
११४५१	सवारी साधन कर	५६०	६१६	६७८	७४५	८२०	९०२	१०%
११४७९	मनोञ्जन कर	२०	२२	२४	२७	२९	३२	१०%
११४७२	बिज्ञापन कर	५५	६१	६७	७३	८१	८९	१०%
११६९१	अन्य कर	१,४४३	१५८७	१७४६	१९२१	२११३	२३२४	१०%
११६११	व्यवसाथ रजिष्टेसन कर (व्यवसाथ नविकर दस्तुर)	२६२०	२८८२	३१७०	३४८७	३८३६	४२२०	१०%
११६९१	रेडियो, एफ.एम संचालन दस्तुर	१०	११	१२	१३	१५	१६	१०%
१४१५१	सरकारी सम्पतिको बहालबाट प्राप्त	३३०	३६३	३९९	४३९	४८३	५३१	१०%
१४१७१	प्राकृतिक सोत रोयल्टी	६३६	७००	७७०	८४७	९३१	१०२४	१०%
१४१७७	घर जग्गा रजिष्टेसन	३,०००	३३००	३६३०	३९९३	४३९२	४८३२	१०%
१४२१३	अन्य विक्री	११००	१२१०	१३३१	१४६४	१६११	१७७२	१०%
१४२१९	अन्य सेवा शुल्क तथा विकी (सरसफाई, कवाडी, आयस्रोत प्रमाणित शुल्क)	८२५	९०८	९९८	१०९८	१२०८	१३२९	१०%
१४२२४	परीक्षा शुल्क	५५	६१	६७	७३	८१	८९	१०%
१४२२९	अन्य प्रशासनीक (व्यवसाय प्रमाण पत्र, नविकरण, शैक्षिक प्रमाण पत्र)	१११	१२२	१३४	१४८	१६३	१७९	१०%
१४२४१	पाकीङ शुल्क	०	०	०	०	०	०	०%
१४२४२	नक्सा पास	५७५	६३३	६९६	७६५	८४२	९२६	१०%
१४२४३	सिफारिस	२२००	२४२०	२६६२	२९२८	३२२१	३५४३	१०%
१४२४४	व्यक्तीगत घटना दस्तुर	११०	१२१	१३३	१४६	१६१	१७७	१०%
१४२४५	नाता प्रमाणित	५५	६१	६७	७३	८१	८९	१०%
१५१११	बेरुजु	२००	२२०	२४२	२६६	२९३	३२२	१०%
	कुल	२१९३८	२४१३२	२६५४५	२९१९९	३२११९	३५३३१	१०%

अन्तर सरकारी वितिय हस्तान्तरणः

राजश्व संकेत	राजश्व शिर्षक	प्रस्तावित	प्रक्षेपित आय					औसत बृदी दर प्रतिशत
		२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२	२०८२।८३	२०८३।८४	
नेपालसरकारबाटः								

१३३११	वितीय सामानिकरण अनुदान	१४९७००	१६४६७०	१८११३७	१९९२५१	२१९१७६	२४१०९३	१०%
१३३१२	सर्शत अनुदान	२२०००	२४२००	२६६२०	२९२८२	३२२१०	३५४३१	१०%
१३३१३	विशेष अनुदान	०	२०००	२२००	२४२०	२६६२	२९२८	१०%
१३३१४	सम्पुरक अनुदान	४२००	४६२०	५०८२	५५९०	६१४९	६७६४	१०%
	जम्मा	१७५९००	१९५४९०	२१५०३९	२३६५४३	२६०१९७	२८६२१७	
प्रदेश सरकारबाटः								०%
१३३११	वितीय सामानिकरण अनुदान	१०,८७८	११,९६६	१३,१६२	१४,४७९	१५,९२६	१७,५१९	१०%
१३३१२	सर्शत अनुदान	११,२२७	१२,३५०	१३,५८५	१४,९४३	१६,४३७	१८,०८१	१०%
१३३१४	सम्पुरक अनुदान	१५,०००	१६,५००	१८,१५०	१९,९६५	२१,९६२	२४,१५८	१०%
१३३१३	विशेष अनुदान	५,४००	५,९४०	६,५३४	७,१८७	७,९०६	८,६९७	१०%
	जम्मा	४२,५०५	४६,७५६	५१,४३१	५६,५७४	६२,२३२	६८,४५५	१०%

राजश्व शिर्षक		प्रस्तावित	प्रक्षेपित आय					औसत बृदी दर प्रतिशत
		२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२	२०८२।८३	२०८२।८३	
१४४११	संघ सरकार	१०४,२३०	११४,६५३	१२६,११८	१३८,७३०	१५२,६०३	१६७,८६३	१०%
१४१७८	प्रदेश सरकार	४,५८४	५,०४२	५,५४७	६,१०१	६,७११	७,३८३	१०%
		१०८,८१४	११९,६९५	१३१,६६५	१४४,८३१	१५९,३१५	१७५,२४६	१०%

यस अध्ययनका आधारमा आगामी पा‘‘च आ.व.मा नगरपालिकाको आय संरचना देहायअनुसारको हुने प्रक्षेपण गरिएको छ :

क्र. सं.	राजश्व शिर्षक	प्रस्तावित	प्रक्षेपित आय रू. हजारमा				
		२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२	२०८२।८३	२०८३।८४
१	आन्तरिक आय	२१९३८	२४१३२	२६५४५	२९१९९	३२११९	३५३३१
२	संघिय राजस्व वाँडफाँडबाट प्राप्त आय	१०४,२३०	११४,६५३	१२६,११८	१३८,७३०	१५२,६०३	१६७,८६३
३	प्रदेश राजस्व बाँडफाँटबाट प्राप्त आय	४,५८४	५,०४२	५,५४७	६,१०१	६,७११	७,३८३

४	संघ सरकार वित्तीय समानीकरण अनुदान	१४९७००	१६४६७०	१८११३७	१९९२५१	२१९१७६	२४१०९३
५	संघ सरकार ससर्त अनुदान	२२०००	२४२००	२६६२०	२९२८२	३२२१०	३५४३१
६	संघ सरकार सम्पुरक अनुसार	४२००	४६२०	५०८२	५५९०	६१४९	६७६४
७	संघ सरकार विशेष अनुसार	०	२०००	२२००	२४२०	२६६२	२९२८
८	प्रदेश सरकार वित्तीय सामानीकरण अनुदान	१०,८७८	११,९६६	१३,१६२	१४,४७९	१५,९२६	१७,५१९
९	प्रदेश सरकार वित्तीय ससर्त अनुदान	११,२२७	१२,३५०	१३,५८५	१४,९४३	१६,४३७	१८,०८१
१०	प्रदेश सरकार वित्तीय सम्पुरक अनुदान	१५,०००	१६,५००	१८,१५०	१९,९६५	२१,९६२	२४,१५८
११	प्रदेश सरकार वित्तीय विशेष अनुदान	५,४००	५,९४०	६,५३४	७,१८७	७,९०६	८,६९७
कुल आयमा आन्तरिक आयको योगदान (प्रतिशत)		३४९,१५७	३८६,०७३	४२४,६८०	४६७,१४७	५१३,८६१	५६५,२४८

परिच्छेद सातः अपेक्षित नतिजा

शुक्लाफाँटा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने सिलसिलामा कार्यालयको अभिलेख, बिभिन्न पदाधिकारीहरुसँगको छलफलबाट प्राप्त सुझावहरु तथा नीजि क्षेत्र लगायत अन्य सरोकारवालाहरुसँगको छलफल र यस नगरपालिकाको विगतको नीति तथा कार्यक्रमका आधारमा तयार

गरिएको यस राजस्व सुधार कार्ययोजना को अपेक्षित उपलव्धि र यसको प्रभावकारी कार्यान्वयनका लागि तय गरिएका नीति, रणनीति, कार्यनीति र क्रियाकलापहरुको बारेमा यस परिच्छेदमा चर्चा गरिएको छ ।

७.१ अपेक्षित नतिजा

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०७५, अन्तरसरकारी वित्त ब्यवस्थापन ऐन, शुक्लाफाँटा नगरपालिकाको आर्थिक ऐन, बार्षिक नीति, कार्यक्रम तथा बजेटको अध्ययन तथा जनप्रतिनिधी, अन्य सरोकारवाला प्रतिनिधीहरु तथा कर्मचारीहरुसँगको छलफलबाट प्राप्त सुझावका आधारमा पा"च वर्षीय राजस्व सुधार कार्ययोजना तयार गरिएको छ । सहभागितामुलक छलफल र उपलब्ध सूचनाहरुका आधारमा तयार गरिएको यस कार्ययोजनाले पहिचान गरेका कार्यहरुलाई समयमा कार्यान्वयन गर्न सकेमा राजस्व संकलनमा उल्लेख्य बृद्धि भई देहाय बमोजिमको नतिजा हासिल हुने अपेक्षा गरिएको छ ।

- **स्थानीय राजश्व परामर्श समितिबाट आगामी आर्थिक वर्षहरुमा अनुमान गरिने राजश्वको अनुमान बढि यर्थाथपरक भएको हुनेछ ।**
- **नगरपालिका र करदाताहरु विचको सम्बन्ध थप सुधार भएको हुनेछ र सहकार्यमा अभिबृद्धि भएको हुनेछ ।**
- **नगरपालिकाको राजश्व प्रशासनको क्षमता अभिवृद्धि र राजश्व प्रशासन करदाता मैत्री भएको हुनेछ ।**

७.२ नीति

१. **करदाताको कर तिर्ने क्षमताको आधारमा करको दर निर्धारण गरी सबै करदातालाई करको दायरामा ल्याइनेछ ।**
२. **निर्धारित समयभित्र कर बुझाउने करदातालाई केही प्रतिशत कर छुट दिने नीतिलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।**
३. **करदाता सचेतना कार्यक्रम सञ्चालन गरी उपमहानगरपालिका र करदाता वीचको सम्वन्धलाई थप सुदृढ बनाउने नीति लिइनेछ ।**
४. **राजश्व प्रशासनलाई पारदर्शी, जवाफदेही एबं राजश्व चुहावटको शुन्य सहनशिलता सुनिश्चित गर्ने नीति लिईनेछ ।**
५. स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान पुर्याउने किसिमको कर नीति अबलम्बन गरिनेछ ।
६. कर तथा सेवा शुल्कबाट प्राप्त राजश्वलाई सार्वजनिक सेवा र विकास निर्माणका क्षेत्रमा लगानी गरिने छ ।

७.३ रणनीति

आन्तरिक राजस्व परिचालन सम्बन्धमा नगरपालिकाद्धारा देहाय अनुसारका रणनीतिहरु अवलम्बन गरिनेछ ।

१. **संस्थागत घरवहाल करलाई ब्यवसायकरसँग आवद्ध गरी उठाउने र ब्यक्तिगत रुपमा वहालकरबाट आयआर्जन गरेका करदाताहरुलाई सम्पत्ति करसँग आवद्ध गरी असुली गरिनेछ ।**
२. **स्थानीय राजस्व परामर्श समितिलाई थप प्रभावकारी बनाउने र राजस्व शाखालाई प्रविधियुक्त र थप जनशक्ति सहित सुदृढीकरण गरिनेछ ।**
३. **करदाताहरुसँग निरन्तर अन्तरक्रिया र संवाद गरी समयमा कर तिर्न उत्प्रेरित गरिनेछ । नगरपालिकाका पदाधिकारी तथा नगर क्षेत्र भित्र घर तथा जग्गा भएका कर्मचारीहरुले आर्थिक वर्ष शुभारम्भमै कर तिरी सवै नागरिकलाई कर तिर्न उत्प्रेरित गर्ने गराइनेछ ।**
४. **कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा निजी क्षेत्र तथा सरोकारवालाहरुको सहभागिता जुटाईनेछ । कर संकलनमा यथासम्भव सरकारी, निजी क्षेत्र, उपभोक्ता समिति, टोल विकास समिति एवं सहकारी संस्थासँग सहकार्य गरिनेछ ।**
५. **व्यवसायीहरुले अनलाईन मार्फत आन्तरिक राजस्व कार्यालयमा बुझाउँदै आएको करलाई नगरपालिकालाई बुझाउनुपर्ने करसँग समेत आवद्ध गरिनेछ ।**
६. **कर सम्बन्धी सूचनाहरुमा नागरिकहरुको पहुँच पुर्याई राजस्व प्रशासनलाई पारदर्शी गराइनेछ ।**
७. **राजस्वको स्रोत बृद्धि गर्न सघाउ पुर्याउने पूँजीगत लगानीका आयोजनाहरुमा लगानी बृद्धि गर्दै लगिनेछ ।**

७.४ कार्यनीतिहरु

उपर्युक्त रणनीतिहरुलाई कार्यान्वयन गर्न निम्न अनुसारका कार्यनीतिहरु अवलम्बन गरिनेछ ।

१. शुक्लाफाँटा **नगरपालिकाको सम्पत्ति कर तथा भूमिकर** (मालपोत), **व्यवसाय कर, घरजग्गा बहाल कर लगायत अन्य राजस्वका क्षेत्रहरुको कानून तर्जुमा गरिनेछ ।**
२. **वडास्तरबाट राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउन वडाका कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता अभिबृद्धि गरिनेछ ।**
३. **राजश्व शाखामा कार्यरत कर्मचारीहरुको कार्यविवरण** (Terms of Reference) **का आधारमा कार्यसम्पादन मूल्यांकन गरी पुरस्कार र दण्डको ब्यवस्था गरिनेछ ।**
४. **नगरपालिकाको महत्वपूर्ण आयस्रोतको रुपमा रहेका सम्पत्ति** (घरजग्गा) **कर, घरजग्गा वहालकर र ब्यवसाय करको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कार्यविधि निर्माण गरी लागु गरिनेछ ।**
५. **पूर्वाधार उपयोग शुल्कका लागि सेवाग्राहीहरुबाटै लागत र सञ्चालन खर्च असुल गर्ने गरी सेवा शुल्क निर्धारण गरिनेछ ।**
६. **शीर्षकगत रुपमा नै करदाताको ब्यक्तिगत विवरण सहितको डाटावेश तयार गरिनेछ ।**
७. **करदाताहरुका लागि पुरस्कार र दण्डको नीति पूर्ण रुपमा लागु गरिनेछ ।**
८. **राजस्व शाखा तथा वडा कार्यालयहरुमा आवश्यक सूचना प्रविधि तथा उपकरण प्रबन्ध मिलाई वडा कार्यालयहरुलाई सूचना सञ्जालमा जोडिनेछ ।**
९. **सार्वजनिक खर्च गर्ने, पूर्वाधारहरुको विकास तथा स्तरोन्नति कार्यमा लगानी गर्दै लगिनेछ ।**
१०. **पूर्वाधार उपयोग महशुल, घर जग्गा बहाल कर, व्यवसाय कर जस्ता स्रोत परिचालन गर्न निजी क्षेत्र, व्यवसायीसँग सहकार्य गरिनेछ ।**
११. **नियमित एवं बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ । साथै समयमा कर तिर्ने करदातालाई कर छुटको व्यवस्थाको कार्यान्वयनमा थप प्रभावकारिता ल्याईनेछ ।**

१२. **स्थानीय करबारे सर्वसाधारणलाई जानकारी गराउने कर सचेतना कार्य समुदाय/टोल एवं वडास्तरमा सञ्चालन गरिनेछ ।**

१३. APPs **वा** SMS **मार्फत करदातालाई आफूले तिर्नुपर्ने करका विषयमा अग्रिम जानकारी गराइनेछ ।**

१४. **राजस्व अभिलेखलाई वडास्तर देखि नै व्यवस्थित गरिनेछ ।**

१५. **कर/राजस्व सम्बन्धी सूचना तथा जानकारी अर्धवार्षिक एवं वार्षिक प्रतिवेदन नगरपालिकाको वेभसाईटमा राखिनेछ । साथै यस्तो सुचनाहरु स्थानीय स्तरमा पहुँच हुने गरी एफ.एम. रेडियो मार्फत प्रसारण गरिनेछ ।**

७.५ सुधार गर्नु पर्ने क्षेत्र वा कार्यहरु

राजस्व सुधार कार्ययोजनाले पहिचान गरेका क्षेत्रहरुको प्रभावकारी कार्यान्वयन गरी आन्तरिक राजस्व अभिबृद्धि गर्न निम्नानुसारका क्षेत्रहरुमा जोड दिई कार्य गर्नुपर्ने देखिन्छ ।

क) कानूनी तथा नीतिगत व्यवस्था

- सम्पत्ति कर तथा भूमिकर (मालपोत) लगाउन हालको दरमा पुनरावोलकन गर्ने । दर निर्धारण गर्दा छिमेकी स्थानीय तह लगायत मुख्य सरोकारवालाहरुसँग छलफल गर्ने । साथै विगतमा उठाउँदै आएको रकममा नघट्ने गरी दर निर्धारण गर्न सकिने ।
- सम्पत्ति कर तथा मालपोत (भूमिकर) सम्वन्धी एकरुपता कायम गर्न वा बजार मूल्य वा मालपोत कार्यालयको मूल्यांकन भन्दा कम नहुने गरी जग्गाको मूल्यांकन पुनरावलोकन गर्ने ।
- उपरोक्त बमोजिमका दर र मूल्यांकनलाई समावेश गरी वडा तह देखि नै कर राजस्व संकलन प्रक्रियालाई प्रभावकारी बनाउन कार्यविधि बनाउने ।
- घरजग्गा बहाल करका लागि क्षेत्रगत रुपमा न्यूनतम रकम निर्धारण गरी मासिक बहाल रकम असुल गर्ने । आन्तरिक राजस्व कार्यालयसँग समन्वय गरी व्यवसाय कर तथा घरजग्गा बहाल कर संकलन प्रक्रियालाई प्रभावकारी बनाउन छुट्टै कार्यविधि बनाउने ।
- मुख्य कर (सम्पत्ति कर तथा मालपोत, व्यवसाय कर र घरजग्गा बहालकर) बाट उठेको रकमबाट सार्वजनिक निर्माण (जस्तै: सडक, सार्वजनिक शौचालय, बजारमा सिसी क्यामेरा जडान आदि) का लागि खर्च गर्ने नीति अवलम्वन गरी कार्यान्वयन गर्ने । साथै फोहरमैला व्यवस्थापन शुल्क तथा सामुदायिक बनबाट प्राप्त रकम पनि सोही बमोजिम वातावरणीय संरक्षण क्षेत्रमा खर्च गर्ने नीति तय गरी कार्यान्वयन गर्ने ।

ख) राजस्व प्रशासन र प्रभावकारी व्यवस्थापन

- राजस्व शाखामा राजस्व अधिकृतको व्यवस्था गर्ने ।
- परिवर्तित कानून बमोजिम हालको सफ्टवेयरमा सुधार गर्ने । कम्प्यूटरीकृत हुन बाँकी वडाहरुमा समेत कम्प्यूटर तथा सफ्टवेयरको व्यवस्था गरी राजस्व संकलनका लागि सवै वडाहरुलाई कम्प्यूटर सञ्जालमा आवद्ध गर्ने ।
- राजस्व शाखा तथा वडा तहमा कार्यरत कर्मचारीलाई कर संकलन बारे तालिम दिने ।
- स्थानीय तह राजस्व परिचालनका सन्दर्भमा विद्यमान कानून तथा नीतिका विषयमा जनप्रतिनिधि तथा कर्मचारीलाई तालिमको व्यवस्था गर्ने ।

- राजस्व परिचालनका सन्दर्भमा अन्य नगरपालिकाहरुमा भएका असल अभ्यासहरुको पहिचान गरी सो नगरपालिकाहरुमा अवलोकन भ्रमण गर्ने । सिकाईको आदान प्रदान गर्ने ।

(ग) तथ्याढ्ढमा आधारित अभिलेख तथा राजस्वको संकलन

- हाल बनिरहेको प्रोफाइलबाट प्राप्त करदाताको विवरणलाई GIS मा Link गर्ने र Tax Mapping Database System तयार गर्ने ।
- करदाताको कर अभिलेख नियमित रुपमा अद्यावधिक गर्ने ।
- शुक्लाफाँटा नगरपालिका क्षेत्रभित्रका व्यवसायीहरुको विवरण स्थलगत रुपमा संकलन गर्ने । साथै व्यवसायीहरुले आन्तरिक राजस्व कार्यालयमा कर बुझाउँदा प्रयोग गरिने Online System मा नगरपालिकाको कर बुझाएको विवरण समेत समावेश हुने गरी पेश गर्न सकिने व्यवस्था मिलाउन पहल गर्ने ।
- नियमित कर संकलनका लागि घुम्ती टोली गठन गरी संकलन गर्ने । यसका लागि वडा कार्यालय, टोल विकास समिति आदिको सहयोग लिन सकिने ।

(घ) पारदर्शिता र जवाफदेहिता

- नगरपालिकाका पदाधिकारी तथा नगर क्षेत्रभित्र घर तथा जग्गा भएका कर्मचारीहरुले आर्थिक वर्षको शुभारम्भमै अनिवार्य कर तिर्ने र सो को सार्वजनिक गर्ने ।
- नागरिकले तिरेको करबाट निर्माण गरिने सार्वजनिक निर्माणहरुमा के कति रकम खर्च गरी निर्माण गरिएको हो सो विवरण समेत निर्माणस्थलमा राख्ने र नागरिकलाई जानकारी गराउने ।
- मुख्य कर (सम्पत्ति कर, मालपोत कर, व्यवसाय कर र घरजग्गा बहाल कर) सहित कुल आन्तरिक स्रोत के कति उठेको छ र अनुमान बमोजिम उठ्न बाँकी रकम सम्वन्धी विवरणलाई मासिकरुपमा अद्यावधिक गरी सार्वजनिक गर्ने । नगर प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतको कोठामा बोर्डमा राखी मासिकरुपमा उठेको रकमको अद्यावधिक गर्दै कर संकलनका लागि कर्मचारीलाई उत्प्रेरित गर्ने गराउने ।
- कर शिक्षा सामाग्री तयार गरी टोल सुधार समिति, विद्यालय शिक्षक, विद्यार्थी आदिलाई अभिमुखीकरण गर्ने ।
- टोल सुधार समिति, उद्योग वाणिज्य संघ आदिको सहकार्य र समन्वयमा राजस्व संकलन तथा अनुगमन कार्यमा सरोकारवालालाई सहभागि गराउने ।
- करदातालाई समयमा कर तिर्नका लागि Apps वा SMS प्रणालीको विकास गर्ने र समयमा नै जानकारी गराउने ।
- आर्थिक वर्षमा सवैभन्दा बढी कर तिर्ने व्यक्ति, नियमित कर तिर्ने तथा एकै करदाताले सवैभन्दा पहिला तीनवटै मुख्य कर (सम्पत्ति कर, व्यवसाय कर तथा घरजग्गा बहाल कर) तिर्नेलाई नगरसभामा वा सार्वजनिक स्थानमा सम्मान तथा पुरस्कार को व्यवस्था गर्ने ।
- कर नतिर्ने करदाताहरुको विवरण सार्वजनिक पाटी र वेभसाईटमा राख्ने ।

परिच्छेद आठ : अनुगमन तथा मूल्यांकन

शुक्लाफाँटा नगरपालिकाको राजश्व सुधार कार्ययोजनाले निर्धारण गरेको अपेक्षित उपलब्धी हासिल गर्न कार्ययोजनामा तय गरिएका कार्यनीति र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय राजश्व परामर्श समितिलाई बढी जिम्मेवार बनाईनेछ । साथै स्थानीय राजश्व परामर्श समितिलाई सहजीकरण गर्न नगर प्रमुखको संयोजकत्वमा राजश्व सुधार कार्ययोजनाको प्रगति सम्वन्धी अनुगमन गर्न एक अनुगमन तथा मूल्यांकन समिति गठन गरिनेछ ।

अनुगमन तथा मूल्यांकन समितिको संरचना देहाय बमोजिम हुनेछ ।

नगर प्रमुख	संयोजक
नगर उपप्रमुख	उपसंयोजक
प्रमुख प्रशासकीय अधिकृत	सदस्य
आर्थिक विकास समिति संयोजक	सदस्य
प्रतिनिधी, उद्योग बाणिज्य संघ	सदस्य
प्रतिनिधि, नागरिक समाज वा टोल विकास संस्था	सदस्य
राजश्व शाखा प्रमुख	सदस्य सचिव

उद्योग बाणिज्य संघ र नागरिक समाजको तर्फबाट प्रतिनिधित्व गर्ने सदस्यलाई यस समितिले निर्णय गरी सदस्यका रुपमा आमन्त्रण गर्न सक्नेछ ।

कार्यपालिकाले आवश्यक ठानेमा अन्य विषय विज्ञ व्यक्तिहरुलाई पनि आमन्त्रित सदस्यका रुपमा समितिमा राख्न वा समितिको बैठकमा बोलाई आवश्यक सल्लाह सुझाव लिन सक्नेछ । अनुगमन तथा मूल्यांकन समितिको बैठक कम्तिमा चौमासिक रुपमा बस्नेछ तर समितिले आवश्यक ठानेमा आवश्यकता अनुसार जतिपटक पनि बैठक बस्न सक्नेछ । अनुगमन समितिले निम्नानुसार कार्य गर्नेछ ।

- राजश्व सुधार कार्ययोजनामा समाबेश भएका क्रियाकलापहरुका लागि आवश्यक पर्ने बजेटको ब्यवस्थापका लागि आवश्यक कार्य गर्ने र नगर सभाबाट परित गराउने ।
- सबै क्रियाकलापहरुलाई अलग अलग रुपमा बजेट विनियोजन गर्न संभव नभएको अवस्थामा कार्ययोजना कार्यान्वयनका लागि एकमुष्ठ बजेटको माग गनेर्े ।
- स्वीकृत कार्ययोजनामा समावेश भएका क्रियाकलाप छुट्याई जिम्मेवार सम्बद्ध शाखा/ /उपशाखाका कर्मचारीलाई जिम्मेवारी तोक्ने ।
- जिम्मेवार शाखा वा कर्मचारीले आफुसँग सम्बन्धित कार्यजिम्मेवारी पुरा गरे नगरेको अनुगमन गर्नु पर्नेछ ।
- जिम्मेवार शाखा/उपशाखा प्रमुख वा पदाधिकारीहरुबाट उनीहरुको जिम्मेवारी भित्रका क्रियाकलापको प्रगति विवरण चौमासिक रुपमा प्रमुख प्रशासकीय अधिकृत मार्फत संकलन गरी समिक्षा गर्ने ।
- अनुगमन तथा मूल्यांकन समितिबाट प्राप्त सुझावहरुलाई राजस्व परामर्श समितिमा वा नगर कार्यपालिकाको बैठकमा पेश गरी आवश्यकता अनुसार कार्यान्वयन गर्ने गराउने ।
- राजश्व सुधार कार्ययोजनामा भएको क्रियाकलापहरुको कार्यान्वयनको अवस्थाको समिक्षा गरी आवश्यक परेमा क्रियाकलाप संसोधन वा थप गर्न तथा जिम्मेवारीहरुको हेरफेर गर्नको लागि राजश्व परामर्श समिति समक्ष सिफारिस गर्ने ।

परिच्छेद नौ : सवल पक्ष, दूर्वल पक्ष, अवसर तथा चुनौती विश्लेषण

(Strengths, Weaknesses, Opportunities and Threats Analysis)

संस्थाको सवल पक्ष, दुर्वल पक्ष, अवसर तथा चुनौतीको विश्लेषणबाट व्यबस्थापकीय पक्षलाई उचित निर्णयमा पुग्न सघाउने यो प्रभाबकारी औजारको रुपमा लिईएकोछ । नगरपालिकाको समस्त राजश्व प्रशासनको आधारमा निम्न अनुसार विश्लेषण गरीएकोछ ।

सवल पक्ष, दुर्वल पक्ष, अवसर तथा चुनौती :

सवलपक्ष	नगरपालिकाको निम्न कृयाकलापहरु जस्ले राजश्व प्रशासन या आय संकलनलाई प्रभाबकारी बनाउन सहयोगी भूमिका खेलेका छन :
व्यबस्थापकिय दृष्टिकोण	• कर प्रणालीलाई सुधार गरी दर भन्दा दायरा बढाउने नीति रहेको • समय परिस्थिति अनुसार करमा छुट दिने नीति रहेको
कर सम्बन्धमा आवश्यक ऐन नियमको तर्जुमा	नगरपालिका कर संकलन सम्बन्धमा आर्थिक ऐन, लागू भएको
संस्थागत क्षमताको अवस्था	राजश्व परामर्श समिति सकृय रूपमा क्रियाशिल रहेको राजश्व शाखा कार्य बद्ध रहेको
कम्प्युटर प्रविधिको प्रयोग गरी संकलनको लेखा राख्ने गरेको	साङ्ग्रिला सफ्टवेयरबाट राजस्व संकलन भई रहेको
दुर्बल पक्ष	निम्न बमोजिमका दुर्बल पक्षहरूलाई राजश्व सुधारको लागि संबोधन हुनु पर्ने देखिएको छ ।
क्षमता विकासको अवस्था	सीमित रूपमा क्षमता विकास कार्यक्रममा सफलता भएको
नया प्रविधिको अवस्था	• बिद्युतिय कर प्रणाली कर संकलनमा पूर्ण लागू हुन नसकेको, • प्रविधिको विकास अनुसार कर प्रणाली लागू हुन नसकेको, • सीमित जनशक्तिले मात्र नया प्रविधि अनुसार सक्रिय हुन सकेको,
श्रोतको व्यवस्था	राजश्व प्रशासन सुदृढीकरणको लागि निश्चित कार्यक्रम नतोकिएको
प्राथमिकताको अवस्था	आन्तरिक आय संकलनलाई प्राथमिकता दिने, समीक्षा गर्ने तथा कार्यक्रममा कम मह त्व दिने गरेको
अवसरको पक्ष	नगरपालिकाले निम्न अवसरको माध्यमबाट पूर्ण रूपमा फाइदा प्राप्त गर्न सकिने छ
प्रविधि मैत्री प्रणाली	• नया प्रविधि अनुसार कर प्रणाली लागू हुनु • राजश्व संकलनमा संलग्न कर्मचारीलाई समय सापेक्ष तालिम प्रदान गरी कार्य गराउने
राजस्व संकलन	राजस्व संकलनमा प्रभावकारिता आउने ।
प्रक्षेपण प्रणाली लागू	प्रक्षेपण प्रतिवेदनलाई पूर्णतया आत्मसाथ गरी बजेट तथा कार्यक्रममा समावेश गर्ने
अभिलेखको सदुपयोग	अद्यावधिक प्रतिवेदनबाटै योजना, कार्यविधि निर्माणमा सहयोग पुग्ने
चुनौती पक्ष	उपमहानगरपालिको आय संकलनमा निम्न चुनौतीको कारणले प्रभाव पर्ने देखिएको छ
कानुनी अन्योल	• स्थानीय सरकारले प्रयोग गर्न पाउने अधिकारमा दुबिधा रहनु, • बन, विज्ञापन,तथा यातायात कर सम्बन्धमा अन्योल रहनु • आर्थिक ऐनमा व्यवस्था भएका सबै क्षेत्र वा कारोबारबाट कर संकलन गर्न नसक्नू
कार्यविधिको अवस्था	• करसम्बन्धी कुनै कार्यविधि नहुनु • उपलब्ध आर्थिक कार्यविधिमा कार्य योजना नहुनु

कार्यक्रमका अवस्था	• राजश्व सुधार तथा व्यवस्थापनको लागि बजेट तथा कार्यक्रम नहुनु • स्थलगत कर संकलन अभियान संचालन नहुनु
आय ठेक्काको अवस्था	• आय ठेक्काको कानुनी तथा व्यबस्थापकिय पक्षका बारेमा राजस्वमा कार्यरत कर्मचारीलाई पर्याप्त ज्ञान नहुनु • विभिन्न किसिमका आय ठेक्का समयमा नहुनु
जनशक्तिको अवस्था	• अधिकांशले प्रविधिको उचित सदुपयोग गर्न नसक्नू, • परम्परागत कार्य शैली कायम रहनु
सचेतनाको अवस्था	• सबै व्यवसायीलाई करको दायरामा ल्याउन नसक्नू, • करको महत्व र सदुपयोगको बारेमा जन चेतना जगाउन नसक्नू • पदाधिकारी तथा कर्मचारी बाट यस सम्बन्धमा उदाहरणीय कार्यको प्रवर्द्धन नहुनु
कर अभिलेखको अवस्था	• कार्यालयसँग सबै प्रकारका करदाताको अभिलेख अद्यावधिक नहुनु • कर सँग सम्बन्धित अन्य कार्यालयबाट यस क्षेत्रको अद्यावधिक अभिलेख उपलब्ध नहुनु

परिच्छेद दश :राजश्व सुधार कार्य योजना पुनरावलोकन तथा कार्यान्वयन

शुक्लाफाँटा नगरपालिकाले २०७७ जेष्ठमा क्षेत्रीय शहरी बिकास आयोजना, संस्थागत बिकास परामर्शदाताको सहयोगमा पहिलो कार्ययोजना तजर्" मा भएको हो ।

कार्ययोजनाको पुनराबलोकनको क्रममा आय संकलन प्रकृया र बिधिमा सुधार गरिने, कर तथा गैर कर राजश्वमा पर्न सक्ने असरलाई आकलन गरी आन्तरिक आय अनुमानमा यथार्थपरक बनाईने, नगरपालिकाको आन्तरिक आयमा संकुचन आएकोले करको दरभन्दा दायरा बढाउने नीति कायम गरेको, समय परिस्थिति अनुसार करमा छुट दिएर पनि संकलनलाइ प्रभाबकारी बनाएको, कर संकलन सम्बन्धमा आर्थिक ऐन लागु भएको छ । राजश्व परामर्श समिति सकृय रुपमा क्रियासिल रहेको , राजश्व शाखा कार्यबद्ध रहेको तथा साग्रीला सफ्टवेयर प्रयोग गरी वडा कार्यालयबाट राजश्व संकलन भई रहेको छ ।

नगरपालिकाको राजश्व परिचालन क्षमता बिगतको तुलनामा सुधार हुदै गएको भएतापनि संघीयताको कार्यान्वयन पछि संघ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको तुलनामा नगण्य मात्रामा बृद्धि छ । जस्तो आन्तरिक राजश्वमा प्रत्येक बर्ष बिभिन्न दरले बिगत चार बर्षमा ४८ प्रतिशत बृद्धि देखिएको छ । बाहय श्रोत अन्तर्गत अनुदान तथा राजश्व बाँडफाँडमा २.४४ प्रतिशत वृद्धि देखिएको छ । गत चार बर्षको कुल आय रु २ अर्ब ४२ करोड ३३ लाख ४६ हजारमा आन्तरिक राजश्व रु ७ करोड १ लाख ७८ हजार मात्र रहेको छ । जुन कुल आयको २.९० प्रतिशत मात्र रहेको छ ।

हाल नगरपालिकाले राजश्व सुधार कार्ययोजनालाई प्रमुख दस्तावेजको रुपमा अंगिकार गरेकोछ । संस्थागत बिकास परामर्श दाताको सहयोगमा २०७७ मा तयार भएको कार्ययोजनालाई २०७८ आषाढ ८ मा सम्पन्न नगरसभाबाट बार्षिक नगर विकास योजनाबाट कार्यान्वयन गरेको छ । यसको कार्यान्वयनका लागि राजश्व परामर्श समितिलाई क्रियासिल बनाउनको लागि क्षमता बिकास कार्यक्रम संचालन गरिनेछ ।

नगरपालिकाको गत बर्षको आन्तरिक आय रु २ करोड ७७ लाख ८९ हजार भएको छ भने यो बर्ष २०७८।७९ को लागि रु. २ करोड १९ लाख ३८ हजार बार्षिक अनुमान गरेकोमा २०७८ पौषसम्मा रु ३५ लाख ९८ हजार संकलन भई सकेको छ । यस प्रकार बार्षिक रुपमा तोकिएको लक्षको पहिलो अर्धबार्षिकमा १२।९५ प्रगति हासिल हुन गएकोले बाकी अबधीमा लक्ष बमोजिम संकलन हुन सक्ने देखिएको छ ।

आ।ब २०७८।७९ को लागि पारित राजश्व सम्बन्धी नीति तथा कार्यक्रम
शुक्लाफँटा नगरपालिकाको आर्थिक ऐन,२०७८ मा निम्नानुसार व्यवस्था भएको छ ।

१. सम्पति कर: नगरपालिकाका क्षेत्रभित्र अनुसूचि – १ बमोजिम सम्पति (कर/घरजग्गा कर) लगाइने र असूल उपर गरिनेछ ।सम्पतिको मुल्याङ्कन अनुसुची – ११ र १२ बमोजिम हुने छ ।
२. भूमि कर (मालपोत): नगरपालिका क्षेत्रभित्र अनुसूचि – २ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । भूमिकर(मालपोत)को मूल्याङ्कन अनुसुची १२ बमोजिम हुने छ ।
३. घर वहाल कर: नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि – ३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।
४. व्यवसाय कर: नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि – ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।
५. जडिबुटी, कवाडी र जीवजन्तु कर: नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि – छ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. सवारी साधन कर: नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि – ६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।
७. विज्ञापन कर: नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि – ७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।
८. मनोरन्जन कर: नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि – ८ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।
९. बहाल बिटौरी शुल्क: नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा अनूसूचि – ९ मा उल्लिखित व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।
१०. सेवा शुल्क, दस्तुर: नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि – १० मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।
११. घरको हास कट्टी/ मुल्याङ्कन : नगरपालिकाका क्षेत्रभित्र रहेका घर, टहराको हास कट्टी/ मुल्याङ्कन अनुसूचि – ११ बमोजिम गरिनेछ ।
१२. जग्गाको मुल्याङ्कन : नगरपालिकाका क्षेत्रभित्र रहेका जग्गाको मुल्याङ्कन अनुसूचि –१२ बमोजिम गरिनेछ ।
१३. कर छुट: यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।
१४. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि: यो ऐन मा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

उपर्युतm बमोजिम बाहेक आर्थिक वर्ष २०७८।७९ को लागि पारित नगर विकास योजनामा निम्न नीति तथा कार्यक्रम समेत पारित भएका छन् ।

१ यस नगरपालिकाको राजश्व परामर्श समितिले आगामी आर्थिक वर्ष २०७८/०७९ का लागि सिफारिस गरेको आन्तरिक आयको शिर्षकगत प्रक्षेपण र कर,गैरकर,राजश्व,सेवा शुल्क,दस्तुरका दर सम्बन्धित प्रस्तावलाई संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।
२ स्रोत अनुमान तथा बजेट निर्माण समितिले आगामी आगामी आ.व.२०७८/७९ का लागि आन्तरिक आय राजश्व वाडफाँड वाट प्राप्त हुने आय नेपाल सरकार तथा प्रदेश सरकारवाट प्राप्त हुने वित्तिय हस्तान्तरण सहितको कुल आयको सीमा र बजेट सिमा निर्धारण गरि वार्षिक बजेट तथा कार्यक्रम तर्जुमातर्जुमा समितिमा पेश गरेको सीमा निर्धारणलाई संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।
३ गत विगतको लेखा परिक्षणवाट औंल्याईएका पेश्की बेरुजु तथा बेरुजुहरुलाई सम्परिक्षण हुने पेश्की तथा बेरुजुलाई सम्परिक्षणका लागि आवश्यक कागजात तयार गरि सम्परिक्षण गर्ने तथा बाँकी बेरुजु असुल उपरका लागि पहल गर्ने निर्णय गरियो ।
४ यस नगरपालिकाव्दारा निर्माण गरेका सडकहरुमा सवारी साधन आवत जावत गर्दा सवारी कर लिन ठेक्का मार्फत वा नगरपालिका स्वयंले लिने अधिकार नगर कार्यपालिकालाई प्रत्योजन गर्ने गरि सवारी साधन कर स्वीकृत गर्ने निर्णय गरियो ।
५ यस नगरपालिका भित्र रहेका सामुदायिक वनहरुले वन स्रोतवाट प्राप्त आयको निर्धारित प्रतिशत रकम रोयल्टी स्वरुप नगरपालिका कार्यालयमा दाखिला गनर्' पर्ने निर्णय गरियो ।
६ वहाल विटौरी कर ग्रामिण क्षेत्रको कृषि योग्य जमिनमा प्रति कट्टा रु ३० लिने गरि कायम भएको विगतको दर यथावत राख्ने निर्य गरियो ।
७ यस शुक्लाफाँटा नगरपालिकाव्दारा संचालन गरिने योजना तथा कार्यक्रमहरु संचालन गर्दा शुन्य पेश्की नीति लागु गर्ने निर्णय गरियो ।

अनुसूची

अनुसूची १ : सन्दर्भ सामग्रीहरू

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तरसरकारी वित्तिय हस्तान्तरण आ। व। २०७७र७८ ९प्रदेश तथा स्थानीय तह०
- नेपाल सरकारको वजेट वक्तब्य, २०७५।७६
- नेपाल सरकारको आर्थिक ऐन, २०७५
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- केही नेपाल संसोधन ऐन, २०७५
- स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी ब्यवस्था, २०७४
- एकीकृत आर्थिक संकेत तथा वगीकरण र व्याख्या, २०७४
- एकीकृत सम्पत्ति कर ब्यवस्थापन कार्यविधि, २०७४
- स्थानीय तहको आर्थिक ऐनको नमूना, २०७४
- गाउ''पालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६
- प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन, २०७५ – नेपाल सरकार (मन्त्रिपरिषद्) निर्णयबाट गठिन कार्यदलले अर्थ मन्त्रालय समक्ष पेश गरेको
- नगरपालिकाको आर्थिक ऐन २०७८
- नगरपालिकाको नीति तथा कार्ययोजना २०७८
- नगर क्षेत्रभित्रका दुई वटा खोलाहरुको प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन, २०७५
- नगरपालिकाको विभिन्न आर्थिक वर्षहरूको नगर विकास योजना, बजेट तथा कार्यक्रमहरू
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय गाउँ पालिका तथा नगरपालिकाको राजश्ख सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रगति प्रतिवेदनहरू
- क्षेत्रीय शहरी विकास आयोजना अन्तर्गत दातृ संस्था एशियाली विकास बैंकको आयोजना प्रशासकिय निर्देशिका मे २०१७ आयोजना नम्बर ४७२५२–००२ ऋण नम्बर ३५६६ NEP (COL) एवं सो आयोजना सँग सम्बन्धित प्रकाशनहरू

अनुसूची २ : तथ्यांक/सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सूची

शुक्लाफाँटा नगरपालिका

राजस्व सुधार कार्ययोजना तर्जुमा

तथ्यांक संकलन सूची

नगरपालिकाको संक्षिप्त परिचय तथा हालको अवस्था:

- संक्षिप्त परिचय :

- नामांकरण,
- घरधुरी तथा जनसंख्या
- क्षेत्रफल तथा वडा विभाजन
- प्रशिद्ध स्थलहरू

 मुख्य पूर्वाधारको अवस्था

- सडक, बाटो, पुल
- बिजुली
- खानेपानी तथा सिंचाई
- सावर्जनिक भवन तथा पूर्वाधारहरू
- फोहरमैला व्यवस्थापन (फोहरको परिमाण र व्यवस्थापनको अवस्था)

 आर्थिक अवस्था

- उद्योग, व्यवसाय तथा कलकारखाना
- मुख्य व्यापारिक केन्द्रहरू
- प्राकृतिक तथा पर्यटकिय सम्पदा

नगरपालिकाको संगठन तथा राजस्वप्रशासन :

 हालको संगठन संरचना

- कर्मचारीहरूको विवरण

क्र. सं.	पद	स्वीकृत दरवंदी	पदपुर्ति	
			स्थायी	करार

 भौतिक सुविधाहरू

- कार्यालयका भवनहरू
- सवारी साधन
- फर्निचर, कम्प्युटर, प्रिन्टर

 राजस्व शाखा तथा राजस्व प्रशासन

- राजस्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण

क्र.सं.	नाम	पद	जिम्वेवारी
१	श्री अजुन चौधरी	स.क.अपरेटर	शाखा प्रमुख
२	श्री राजेन्द्र बम	स.क.अपरेटर	
३	श्री मान बहादुर डगौरा	का.स	

- कार्यकक्ष तथा कार्य स्थलको पर्याप्तता
- फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरू
- राजस्व सम्बन्धी डाटा वेस, राजस्व प्रशासनमा सप्फट्वेयर र त्यसको प्रयोग
- कप्यूटर विलिङ्ग प्रणालिको प्रयोग,

नगरपालिकाको आय (आन्तरि तथा वाह्य) सम्बन्धी विवरण:

- विगत तीन आर्थिक वर्षहरू (२०७२/७३, ०७३/७४ र ०७४/७५) को यथार्थ आयविवरण
- चालु आर्थिक वर्षको (२०७५/७६) को अनुमानीत/बजेट विवरण र कार्तिक मसान्त सम्मको यथार्थ
- चालु आर्थिक वर्षका लागि नगर सभाले पारित गरेको कर, शुल्क तथा दस्तुरका दरहरू अन्य दस्तावेज तथा सूचनाहरू
- निर्वाचित पदाधिकारीहरूको विवरण
- नगर सभाले पारित गरेको आर्थिक ऐन
- राजस्वसंग सम्बन्धित अन्य नीति तथा कार्यक्रमहरू
- नगरपालिकाको बस्तुस्थिति विवरण (Profile)
- राजस्व परिचालनकालागि भएका प्रभावकारी प्रयासहरू

तथ्यांक संकलन फारम

१. नगरपालिकाका आयका स्रोतहरू तथा हालको अवस्था

क्र.सं.	आयका प्रकार	सम्भावनाको विवरण	संकलन भएको/नभएको	दर निर्धारणको अवस्था
क.	कर तर्फ			
	भूमि कर (मालपोत)			

	सम्पीत्त कर			
	सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)			
	घर जग्गा बहाल कर			
	व्यवसाय कर			
	जडिबुटी, कवाडी र जिवजन्तु कर			
ख.	अन्य राजस्व			
	ढुङ्गा, गिटट्ी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एव ं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क			
	नक्सापास दस्तुर			
	ब्यक्तिगत घटना दर्ता शुल्क			
	वहाल विटौरी शुल्क			
	पार्किङ्ग शुल्क			
	अस्पताल संचालन			
	फोहरमैला ब्यवस्थापन शुल्क			
	स्थानीय खानेपानी महसुल			
	स्थानीय विद्युत महसुल			
	केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफ्रलायर, प्यारागलाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा ब्यवसायमा सेवाशुल्क			
	निर्माण, संचालन र ब्यवस्थापन गरेका स्थानीयपुर्वाधार तथा सेवामा सेवाशुल्क खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, वसपार्क, पुलआदि			
क्र.सं.	आयका प्रकार	सम्भावनाको विवरण	संकलन भएको/नभएको	दर निर्धारणको अवस्था
	मूल्यांकन सेवा शुल्क			
	दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म			
	ढुङ्गा, गिटट्ी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क			
	वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर			
	दण्ड जरिवाना			

२. नगरपालिकाको स्वमित्व वा भोगचलनमा रहेका जग्गा

क्र.सं.	जग्गा रहेका स्थान	कि.न.	क्षेत्रफल	हालको उपयोग	भाडा वा बहाल रकम (यदी भएमा)
क	स्वामित्वमा रहेको जग्ग ा				
ख	भोगचलनमा रहेको जग् गा				

स्रोत :

३. नगरपालिकाको स्वमित्वमा रहेका भवन

क्र.सं.	स्थान	भवनको विवरण	हालको उपभोग	भाडा वा बहाल रकम (यदी भएमा)

स्रोत :

४. करमा आधारित सूचनाहरू

क. सम्पत्ति कर सम्बन्धी विवरण नगरपालिकामा दर्ता भएका जम्मा करदाता संख्या : ..... आ.व. २०७४।७५मा कर तिर्ने करदाता संख्या : ..... संकलित रकम : ..... ख. भवन सम्बन्धी विवरण

क्र.सं.	घरको वर्गीकरण	अनुमानित संख्या	बहालमा भएको संख्या	औसत बहाल दर
१	व्यापारीक प्रयोजनका लागि निर्मित भवन/घरहरू (नोट: व्यापारीक कम्पलेक्स, पार्टी प्यालेस, अस्पताल, कोल्ड स्टोर, नीजि विद्यालय तथा क्यापस आदी)			
२	औद्योगिक प्रयोजनका भवन/घरहरू			
३	आवासिय भवन/घरहरू			
३.१	कच्ची घरहरू (कच्चीजोडाई तथा छाना ा)			
३.२	अर्ध कच्ची घरहरू (माटोको जोडाई र कंक्रिट वा स्टिलको छाना भएका)			
३.३	पिलर सिस्टम नभएको पक्कि घर *(Without RCC Frame Structure)*			
३.४	पिलर सिस्टम भएको पक्कि घर *(With RCC Frame Structure)*			
	जम्मा			

ग. जग्गा सम्बन्धी विवरण

क्र.सं.	जग्गाको किसिम	अनुमानित क्षेत्रफल	औसत मूल्यांकन दर (मालपोत कार्यालयको आधारमा)	कैफियत
१	शहरी क्षेत्र			
२	आवासिय क्षेत्र			
३	कृषी क्षेत्र			
४	वन तथा अन्य क्षेत्र			
	जम्मा			

घ. सवारी साधन सम्बन्धी विवरण

नगरपालिकामा दर्ता भएकाजम्मा करदाता संख्या : ..... आ.व. २०७४।७५ मा कर तिर्ने करदाता संख्या : ..... संकलित रकम : .....

क्र.सं.	सवारी साधन	अनुमानित संख्या	कैफियत
१	अटो रिक्सा, ई रिक्सा		
२	ठेलागाडा, टाँगा, रिक्सा		
जम्मा			

ङ. व्यापार व्यवसाय सम्बन्धी विवरण

नगरपालिकामा दर्ता भएका जम्मा करदाता संख्या : ..... आ.व. २०७४।७५ मा कर तिर्ने करदाता संख्या : ..... संकलित रकम : .....

क्र.सं.	व्यापार व्यवसायको विवरण	सानालगानी	मझौला लगानी	ठूला लगानी	कैफियत
१	उद्योग				
२	वित्तीय संस्था (बैक, विकास बैक, सहकारी, विमा आदि)				
३	ब्यापारिक भवन, मल, निजी अस्पताल, संस्थागत कलेज विद्यालय				
४	डिलर तथा थोक विक्रेता				
५	अन्य ब्यवसायहरू				

च. खानीजन्य वस्तु विक्री तथा निकासी

क्र.सं.	उत्पादन/उत्खनन स्थल	बस्तुहरू	कुल उत्खनन योग्य परिणाम	विक्री मुल्य	संभाव्य निकासी परिमाण
१		ढुङ्गा			
		गिटट्ी			
		स्लेट			
		बालुवा			
		दहत्तर वहत्तर			
		अन्य			

छ. जडिबुटी, कवाडी र जिवजन्तु ब्यवसायिक उपयोग

क्र.सं.	बस्तुहरू	इकाई	कुल संकलन परिणाम	अनुमानित मुल्य
क.	जडिबुटी जन्य बस्तुहरू			
ख.	कवाडी जन्य बस्तुहरू			
ग.	जिव जन्तु			

ज. वहाल विटौरी

क्र.सं.	सम्पतिहरू	इकाई	परिमाण	दर
क.	भवन तथा कोठाहरू			
ख.	मेसिनहरू			
ग.	सार्वजनिक सम्पत्ति			

झ. नगरपालीकाले निर्माण, संचालन तथा व्यवस्थापन गरेका सेवा

क्र.सं.	सेवाहरू	उपलब्ध गराईएको स्थान वा क्षेत्र	इकाई र परिमाण	सेवा शुल्कको संभावना के छ ?	हालको अवस्था (आय)
१	फोहरमैला व्यवस्थापन				
२	स्थानीय खानेपानी				
३	बिजुली				
४	धारा				
५	अतिथि गृह				
६	धर्मशाला				
७	पुस्तकालय				
८	सभागृह				
९	ढल निकास				
१०	सडक बत्ति				

क्र.सं.	सेवाहरू	उपलब्ध गराईएको स्थान वा क्षेत्र	इकाई र परिमाण	सेवा शुल्कको संभावना के छ ?	हालको अवस्था (आय)
११	सार्वजनीक शौचालय				
१२	पार्क				
१३	पौडी पोखरी				
१४	व्यायमशाला				
१५	पर्यटकिय स्थल				
१६	हाट बजार				
१७	पशु बधशाला				
१८	शवदाह गृह				
१९	बसपार्क				
२०	अन्य पार्किङ्ग क्षेत्र				
२१	सिफारिश तथा प्रमाणित				
२२	दर्ता, अनुमाति, नविकरण दस्तुर				
२३	मूल्यांकन सेवा शुल्क				
२४	नक्सापास				
जम्मा					

अनुसूची ३ : प्रारम्भिक तथा योजना तर्जुमा छलफलको उपस्थिति विवरण

कृतज्ञता ज्ञापन

शुक्लाफाँटा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा तथा अध्यावधिक कार्यलाई सफल बनाउन सहयोग पुर्याउनु हुने नगरपालिकाका प्रमुख श्री दिल बहादुर ऐर, उपप्रमुख श्री तुलसी देवी हमाल, प्रमुख प्रशासकीय अधिकृत श्री टिकेन्द्र राज भट्ट तथा कार्यपालिकाका सदस्यहरू, नगरपालिकाका कर्मचारीहरू, उद्योग वाणिज्य संघका प्रतिनिधि लगायत सबैमा परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसैगरी, यस कार्यमा रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने सरोकारवालाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

क्षेत्रीथ शहरी विकास आयोजना

संस्थागत विकास परामर्शदाता परिवार